मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

सञ्चार क्षेत्रका समस्या समाधानका लागि रचनात्मक सुझावसहित संवादमा आउन आग्रह

बाँकी पृष्ठ ५ मा



● वर्ष ४ ● अंक २२८ ● २०८३ साल असार २२ गते सोमबार ● Monday 06, July 2026 ● सूर्योदयः बिहान ०५:१६ बजे ● सूर्यास्तः साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### बारागढीमा 'असारे विकास'को हतारः

## रातारात सडक ढलान, दुई तीन दिनमै सडक तयार

## गुणस्तर र बजेट दुरुपयोगबारे स्थानीयको गम्भीर प्रश्न !



**हरिशंकर शर्मा**
**कलैया।**
आर्थिक वर्षको अन्तिम चरणमा बजेट सक्ने हतारमा बारा जिल्लाको बारागढी गाउँपालिकामा रातारात सडक ढलान भइरहेको भन्दै स्थानीयवासीले गुणस्तर, पारदर्शिता र बजेट खर्च प्रक्रियामाथि गम्भीर प्रश्न उठाएका छन् । विशेषगरी वडा नं. १ को बुद्धगाई र पिपरा क्षेत्रमा सञ्चालन भइरहेका सडक निर्माण योजनामा जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिबीच मिलेमतो गरी असारे बजेट दुरुपयोग गरिएको आरोप स्थानीयले लगाएका छन्।

स्थानीयका अनुसार प्रदेश सरकारको सशर्त अनुदानअन्तर्गत पिपरामा १८५ मिटर सडक निर्माणका लागि विनियोजन गरिएको २५ लाख रुपैयाँ तथा गाउँपालिकाको २० लाख रुपैयाँ लागतमा बुद्धगाईमा निर्माणाधीन १३५ मिटर सडकको काम अत्यन्त हतारमा भइरहेको छ । निर्माण प्रक्रियामा आवश्यक प्राविधिक मापदण्ड पालना नगरी केही दिनमै काम सक्ने प्रयास गरिएको उनीहरूको दाबी छ । स्थानीय युवाहरूले विरोध जनाएपछि बुद्धगाई क्षेत्रमा रातिको समयमा भइरहेको सडक ढलान केही समयका लागि रोकिएको भएपनि पिपरामा निर्माण कार्य भने निरन्तर जारी रहेको उनीहरूले बताएका छन् । निर्माण सामग्रीको गुणस्तरमाथि शंका उत्पन्न भएपछि केही स्थानीयले गिट्टी र बालुवाको नमुना परीक्षणका लागि लगेको दाबी पनि गरेका छन्।

स्थानीयवासीका अनुसार पहिलेदेखि ग्राभेल गरिएको सडकमा सामान्य रूपमा गिट्टी–बालुवा थप्ने, एक दिन पानी छर्केर रोड रोलर चलाउने र त्यसको भोलिपल्ट रातारात ढलान गर्ने शैली अपनाइएको छ । उनीहरूका अनुसार कतिपय स्थानमा ढलान भएको केही समयमै वर्षा समेत परेकाले निर्माणको दीर्घकालीन गुणस्तरप्रति थप आशंका उत्पन्न भएको छ । स्थानीयको भनाइमा सामान्य अवस्थामा यस्ता सडक निर्माणमा चरणबद्ध रूपमा पर्याप्त समय आवश्यक पर्ने भएपनि अहिले दुई–तीन दिनमै अधिकांश प्रक्रिया सम्पन्न गरेर भुक्तानीका लागि तयारी भइरहेको देखिएको छ। यसले निर्माणको गुणस्तरभन्दा बजेट खर्चलाई प्राथमिकता दिइएको हो कि भन्ने प्रश्न उठेको उनीहरूको भनाइ छ।

स्थानीय स्रोतका अनुसार नेपाल सरकारको चालु आर्थिक वर्षको भुक्तानी प्रक्रिया असार २५ गतेपछि बन्द हुने भएकाले असार २० गतेयता गाउँपालिकाका विभिन्न वडामा विकास निर्माणका कामहरू तीव्र गतिमा सञ्चालन गरिएका छन् । निर्माणस्थलमा ठेकेदार रातभर काममा व्यस्त देखिन्छन् भने कार्यालयतर्फ कर्मचारीहरू कागजी प्रक्रिया पूरा गर्न व्यस्त रहेको स्थानीयको आरोप छ।

यसबाहेक, उपभोक्ता समिति गठन र सञ्चालन प्रक्रियामाथि पनि स्थानीयले प्रश्न उठाएका छन् । बुद्धगाईको सडक योजनामा कानुनी मापदण्डविपरीत उपभोक्ता समिति गठन गरिएको आरोप लगाउँदै उनीहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई उपभोक्ता समितिको अध्यक्ष तथा एक वडा प्रतिनिधिका श्रीमान्लाई सदस्य बनाइएको बताएका छन्। उपभोक्ता समितिले आफैं निर्माण नगरी बाहिरी ठेकेदारलाई जिम्मा दिएको र त्यसबाट बिचौलिया शैलीमा आर्थिक लाभ लिने प्रवृत्ति मौलाएको आरोप पनि स्थानीयको छ।

स्थानीयको दाबीअनुसार २० लाख रुपैयाँ लागतको योजना करिब १५ लाख रुपैयाँमा ठेकेदारलाई जिम्मा लगाइने र उपभोक्ता समितिले कागजी प्रक्रिया पूरा गरी भुक्तानी गराएर बीचको रकम लाभका रूपमा राख्ने अभ्यास बढ्दै गएको छ। यदि यस्तो आरोप सत्य हो भने उपभोक्ता समिति वास्तविक निर्माण व्यवस्थापनभन्दा पनि औपचारिक कागजी माध्यममा सीमित हुने अवस्था देखिएको स्थानीयको भनाइ छ । यद्यपि गाउँपालिकाले भने निर्माण कार्यमा कुनै अनियमितता नभएको दाबी गरेको छ।

बारागढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार मिश्रले दिनको अत्यधिक गर्मीका कारण श्रमिकलाई काम गर्न कठिनाइ हुने भएकाले रातिको समयमा निर्माण कार्य सञ्चालन गरिएको बताए । उनका अनुसार काम राति वा दिन जुनसुकै समयमा भएपनि गुणस्तरमा कुनै सम्झौता गर्न नदिइने नीति पालिकाको रहेको छ । 'दिनको चर्को घामका कारण राति काम गर्नुपरेको हो । तर सबैभन्दा महत्वपूर्ण कुरा गुणस्तर हो,' उनले भने, 'निर्माणस्थलमा दुई जना इन्जिनियर खटिएका छन् र प्रत्येक कामको नियमित प्राविधिक अनुगमन भइरहेको छ। गुणस्तरमा कुनै प्रकारको लापरवाही स्वीकार गरिने छैन।'

स्थानीयले भने पालिकाले गरेको दाबीलाई व्यवहारमा पुष्टि गर्न स्वतन्त्र प्राविधिक टोलीमार्फत निर्माण सामग्रीको परीक्षण, कार्यसम्पादनको छानबिन र सम्पूर्ण योजनाको सार्वजनिक लेखापरीक्षण गर्न माग गरेका छन् । उनीहरूको भनाइमा सार्वजनिक बजेटबाट निर्माण हुने पूर्वाधार दीर्घकालीन, गुणस्तरीय र पारदर्शी हुनुपर्ने भएकाले सम्बन्धित निकायले तत्काल निष्पक्ष अनुसन्धान गरी वास्तविक अवस्था सार्वजनिक गर्न आवश्यक छ।

### यातायात व्यवस्था कार्यालय कलैयाको भिडियो भाइरलः

## कार्यालय प्रमुखले सेवाग्राहीलाई घाँटी थिचेर दुर्व्यवहार गरेको छर्लङ्ग

### सामाजिक सञ्जालमा तीव्र आलोचना



**मधेशदृष्टि**
**कलैया।**
यातायात व्यवस्था कार्यालय कलैयाभित्र सेवाग्राहीमाथि भएको भनिएको दुर्व्यवहारको एक भिडियो सार्वजनिक भएपछि कार्यालय प्रमुखको कार्यशैलीमाथि व्यापक प्रश्न उठेको छ। तीन चार महिनाअघि कार्यालयभित्र भएको घटनाको सीसीटीभी फुटेज हाल सामाजिक सञ्जालमा भाइरल बनेपछि सेवाग्राहीसँग सरकारी कार्यालयको व्यवहार, सार्वजनिक सेवामा उत्तरदायित्व र सुशासनको विषय फेरि चर्चामा आएको हो।

सार्वजनिक भएको भिडियोमा यातायात व्यवस्था कार्यालय कलैयाका कार्यालय प्रमुख चिन्तन आचार्यले एक सेवाग्राहीको घाँटी थिचेर हातपात गरेको जस्तो देखिने दृश्य कैद भएको छ । भिडियोमा कार्यालयभित्र रहेका केही व्यक्तिहरूले ती सेवाग्राहीलाई नियन्त्रणमा लिने प्रयास गरिरहेको र त्यसक्रममा कार्यालय प्रमुख स्वयं कुर्सीबाट उठेर सेवाग्राहीतर्फ पुग्ने दृश्य देखिन्छ।

घटनाबारे सार्वजनिक गरिएको विवरणअनुसार सेवाग्राहीले कार्यालयभित्र भइरहेको भनिएको अनियमितता तथा भ्रष्टाचारसम्बन्धी गतिविधिको भिडियो खिच्न खोजेपछि विवाद सुरु भएको बताइएको छ । त्यसपछि कार्यालय प्रमुख र सेवाग्राहीबीच भनाभन भएको र विवाद चर्किँदै जाँदा कार्यालयका अन्य कर्मचारी तथा त्यहाँ उपस्थित ट्राफिक प्रहरी पनि घटनामा संलग्न भएको आरोप लगाइएको छ।

भाइरल भिडियोमा कार्यालय सहयोगीले सेवाग्राहीलाई पछाडिबाट टाउकोमा हानेको, त्यस पश्चात सेवाग्राही सोफामा खसेपछि त्यहाँ बसेका ट्राफिक प्रहरी बरिष्ठ नायब निरीक्षकले उनलाई नियन्त्रणमा लिन खोजेको तथा त्यसपछि कार्यालय प्रमुखले उनको घाँटी समातेर हातपात गरेको जस्तो देखिने दृश्य देखिन्छ । भिडियोमा सेवाग्राहीको मोबाइलसमेत खोसिएको देखिएको छ।

स्रोतका अनुसार उक्त विवाद त्यसबेला आपसी समझदारीमार्फत समाधान गरिएको थियो । तर घटनाको केही महिनापछि कार्यालयभित्रको सीसीटीभी फुटेज बाहिरिएपछि विषय पुनः सार्वजनिक बहसको केन्द्रमा पुगेको हो । कार्यालयकै एक कर्मचारीले उक्त भिडियो बाहिर ल्याएको बताइएको छ । भिडियो सार्वजनिक भएपछि वीरगंजबाट सञ्चालित 'प्रहार डेली' अनलाइन समाचार पोर्टलले त्यसलाई आफ्नो फेसबुकको आधिकारिक पेजमा पोष्ट गरेको छ। त्यसपछि सामाजिक सञ्जालमा भिडियो तीव्र रूपमा फैलिएको छ र सरकारी कार्यालयभित्र सेवाग्राहीमाथि भएको भनिएको व्यवहारको व्यापक आलोचना भइरहेको छ।

सामाजिक सञ्जाल प्रयोगकर्ताले कार्यालय प्रमुखको व्यवहारलाई सरकारी मर्यादाविपरीत भएको टिप्पणी गरेका छन् । त्यस्तै घटनास्थलमा उपस्थित ट्राफिक प्रहरीको भूमिकामाथि पनि प्रश्न उठाइएको छ । कतिपयले प्रहरीले विवाद शान्त पार्नुको सट्टा सेवाग्राहीलाई नियन्त्रण गर्न सहयोग गरेको आरोप लगाएका छन्। यसले गर्दा ट्राफिक प्रहरी र यातायात कार्यालयको कर्मचारीहरुको मिलोमतोमा सेवाग्राहीमाथि दुव्र्यवहार भएको प्रष्ट देखिन्छ।

यातायात व्यवस्था कार्यालय कलैया स्थापना भएयता विभिन्न विवादले पटक–पटक चर्चा पाउँदै आएको छ। यसअघि पनि कार्यालयभित्र कर्मचारीबीच विवाद, सेवाग्राहीसँग दुव्र्यवहार तथा सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी अनियमितताका आरोपहरू सार्वजनिक हुँदै आएका छन् । सार्वजनिक सेवाप्रति नागरिकको विश्वास कायम राख्न सरकारी कार्यालयभित्र हुने हरेक गतिविधि कानुन, मर्यादा र सेवामुखी व्यवहारअनुसार सञ्चालन हुनुपर्ने विज्ञहरूको भनाइ छ । सरकारी कार्यालयमा सेवा लिन आउने नागरिकमाथि कुनैपनि प्रकारको दुव्र्यवहार भएको देखिए वा त्यस्तो आरोप लागे त्यसको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्नु सम्बन्धित निकायको दायित्व हुने उनीहरूको धारणा छ।

यसैबीच, भाइरल भिडियोको सत्यता, त्यसको स्रोत, घटनाको वास्तविक अवस्था तथा संलग्न व्यक्तिहरूको भूमिकाबारे प्रदेश सरकार, सम्बन्धित मन्त्रालय तथा सुरक्षा निकायले छानबिन गरी आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने माग समेत उठ्न थालेको छ। घटनाको वस्तुगत अनुसन्धानपछि मात्रै वास्तविक जिम्मेवारी निर्धारण हुने भएकाले सम्बन्धित निकायबाट शीघ्र छानबिनको अपेक्षा गरिएको छ।

## डिल्लीबजारबाट छुट्टाछुट्टै कारागारमा पठाइए भट्ट र अधिकारी



**मधेशदृष्टि**
**काठमाडौँ।**
व्यवसायी दीपक भट्ट र नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक प्रदीप अधिकारीलाई डिल्लीबजार कारागारबाट अन्य कारागारमा सरुवा गरिएको छ । कारागार प्रशासनका अनुसार विभागीय निर्देशनपछि शुक्रबार दुवै जनाको कारागार परिवर्तन गरिएको हो । प्राप्त जानकारीअनुसार व्यवसायी भट्टलाई ललितपुरस्थित नख्खु कारागार पठाइएको छ भने पूर्वमहानिर्देशक अधिकारीलाई केन्द्रीय कारागार, सुन्धारामा सरुवा गरिएको छ।

कारागार प्रशासन स्रोतका अनुसार माथिल्लो निकायबाट सरुवासम्बन्धी पत्र प्राप्त भएपछि नियमित प्रक्रियाअनुसार दुवै जनालाई नयाँ कारागारमा स्थानान्तरण गरिएको हो । सरुवाको कारणबारे भने आफूहरूलाई कुनै जानकारी नदिइएको स्रोतले जनाएको छ। राजधानीका कारागारमध्ये अपेक्षाकृत खुला वातावरण र सुविधाका कारण डिल्लीबजार कारागार लामो समयदेखि उच्च प्रोफाइलका कैदीबन्दीहरूको रोजाइमा पर्दै आएको छ । हाल पनि विभिन्न चर्चित मुद्दामा थुनामा रहेका अनेकौं भीआईपी कैदीबन्दी यही कारागारमा रहेका छन्।

डिल्लीबजार कारागारमा हाल मधेश प्रदेशका पूर्वप्रमुख राजेश अहिराज, एमाले नेता तथा पूर्वमन्त्री टोपबहादुर रायमाझी, पूर्वसांसद इच्छाराज तामाङ, सुनिल पौडेल, विकल पौडेल तथा नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जिव गौतमसहितका उच्च प्रोफाइलका कैदीबन्दी रहेका छन् । भट्ट र अधिकारीको सरुवापछि डिल्लीबजार कारागारमा रहेका चर्चित कैदीबन्दीहरूको सूचीमा फेरबदल भएको छ । यद्यपि उनीहरूलाई किन र कुन आधारमा फरक–फरक कारागारमा पठाइएको हो भन्ने विषयमा सम्बन्धित निकायले औपचारिक रूपमा कुनै कारण सार्वजनिक गरेको छैन।

## छोटी भन्सार सञ्चालनमा ल्याउन माग गर्दै आन्दोलन

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको छिपहरमाई गाउँपालिकास्थित भिस्वा सीमानाकामा भारतीय नम्बर प्लेटका सवारीसाधनको आवागमन सहज बनाउन तथा छोटी भन्सार तत्काल सञ्चालनमा ल्याउन माग गर्दै स्थानीयवासीले शनिबारदेखि धर्ना तथा आन्दोलन सुरु गरेका छन्।

स्थानीय युवा उदयस पाण्डेको अगुवाईमा स्थानीयले आइतवार पनि निरन्तरता दिए । उनीहरूले भिस्वा नाकामा त्रिपाल गाडेर धर्ना दिँदै नेपाल सरकारसँग सीमावर्ती क्षेत्रका नागरिकको दैनिक आवागमनलाई सहज बनाउने गरी भारतीय सवारीसाधन सञ्चालनको व्यवस्था मिलाउन माग गरेका छन्।

उनीहरूले सीमावर्ती क्षेत्रको विशेष अवस्थालाई ध्यानमा राख्दै भारतीय सवारीसाधनको आवागमनलाई व्यवस्थित, सहज र व्यावहारिक बनाउनुका साथै लामो समयदेखि बन्द रहेको छोटी भन्सार तत्काल सञ्चालनमा ल्याउन सरकारसँग माग गरेका छन्। सरकारको हालको व्यवस्थाले सीमावर्ती बासिन्दाको दैनिक जीवन र सामाजिक सम्बन्धमा समेत प्रतिकूल असर परेको भिष्वाका बासिन्दाहरूको ठम्याई छ।

आन्दोलनको जानकारी पाएपछि नेपाल प्रहरी पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्की, सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षकसहितको सुरक्षा टोली घटनास्थल पुगेर स्थानीयसँग छलफल गरेको थियो। छलफलका क्रममा सुरक्षा अधिकारीहरूले आफूहरू प्रचलित कानुनअनुसार मात्रै काम गर्न बाध्य रहेको बताएका थिए । तर स्थानीयवासीले भने आफ्नो मागका विषयमा कुनै ठोस प्रतिबद्धता वा समाधानको आश्वासन नआएको भन्दै छलफल निष्कर्षविहीन बनेको बताएका छन्।

उनीहरूले माग पूरा नभएसम्म आन्दोलनलाई निरन्तरता दिने र आवश्यक परे थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी दिएका छन्।



# खुला सीमाका कारण रोकिएन अवैध हुण्डीको कारोबार

**मधेशदृष्टि**
**वीरगंज।**
नियमित पक्राउ र कानुनी कारबाही भइरहे पनि पर्सा जिल्लामा अवैध हुण्डी कारोबार पूर्ण रूपमा नियन्त्रण हुन सकेको देखिएको छ । पछिल्ला तीन आर्थिक वर्षको प्रहरी तथ्यांकमा पक्राउ संख्या र बरामद रकम दुवै उच्च छ।

यसले कारोबार निरन्तर जारी रहेको संकेत गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत हुण्डी कारोबारसम्बन्धी मुद्दामा अनुसन्धान तथा कारबाही भइरहेको छ । तर पक्राउ पर्ने अधिकांश व्यक्ति रकम ओसारपसार गर्ने भरिया मात्र हुने र मुख्य गिरोहसम्म पुग्न कठिनाइ रहेको प्रहरीले जनाएको छ। खुला सीमाको फाइदा उठाउँदै भारत र नेपालबीच अनौपचारिक माध्यमबाट रकम ओसारपसार हुने गरेको प्रहरीको भनाइ छ । यसरी अवैध रूपमा कारोबार पुनः नेपाल भित्र्याउने क्रम जारी रहेको देखिएको छ।

तथ्यांक अनुसार अघिल्लो आर्थिक वर्षमा ७ वटा मुद्दा दर्ता भएका थिए, जसमा ११ जना पक्राउ परेका थिए भने ६२ लाख ८१ हजार ५ सय रुपैयाँ बरामद गरिएको थियो । चालु आर्थिक वर्षमा हालसम्म ८ वटा मुद्दा दर्ता भइसकेका छन्।

ती घटनामा १२ जना पक्राउ परेका छन् भने ५३ लाख २१ हजार ४ सय ७० रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । पर्सा प्रहरीका प्रवक्ता डीएसपी राजु कार्कीले खुला सीमाको दुरुपयोग गरेर हुने अवैध वित्तीय कारोबार नियन्त्रणका लागि निगरानी र अनुसन्धानलाई थप प्रभावकारी बनाइने बताएका छन्।

# पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमणको जोखिम बढ्ने

**काठमाडौँ।**
पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमणको जोखिम बढ्ने भएकाले आवश्यक सर्तकता अपनाउन इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले सबैमा अनुसारेध गरेको छ । महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा. गोकर्णप्रसाद दाहालले दैनिक पानी पर्न थालेपछि डेङ्गीको जोखिम पनि बढ्ने भएकाले सर्तकता अपनाउन सबैलाई आग्रह गरे।

'केही दिनअघि परेको पानीले डेङ्गी सङ्क्रमण बढाउने खतरा रहेको छ,' उनले भने, 'आकाशबाट परेको पानी जम्मा हुँदा त्यसमा डेङ्गी सार्ने लामखुट्टेको विकास हुने गर्दछ। त्यही लामखुट्टेले डेङ्गी सार्ने गर्दछ।' उनले पानी पर्न सुरु गरेकाले डेङ्गी सङ्क्रमणको जोखिम पनि बढ्ने बताए। उनले डेङ्गीबाट बच्न आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गरे।

असार ९ गतेदेखि १५ गतेसम्म ६३ जनामा डेङ्गी देखिएको जनाउँदै डा. दाहालले अहिले दैनिक जस्तो पानी परिरहेकाले सडक, घर छेउछाउका पानी जम्नसक्ने खल्डाखुल्डीमा लामखुट्टेका प्रजाति विकसित हुनेहुँदा सङ्क्रमण बढ्न सक्ने बताए। ड्ङ्गीबाट बच्न घर वरिपरिका खल्डाखुल्डीमा पानी जम्न नदिने, नियमित सरसफाइ गर्ने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत उपाय अपनाउन सकिने उनले सुझाव दिए।

कीटजन्य रोग शाखा प्रमुख डा दाहालका अनुसार डेङ्गी सङ्क्रमणको जोखिम असारदेखि कात्तिकसम्म कायम रहन्छ । 'पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गी रोग लाग्दछ। तसर्थ लामखुट्टेले फूल पार्नसक्ने सम्भावित ठाउँ पहिचान गरी सरसफाइमा विशेष ध्यान दिनु जरुरी छ,' उनले भने। रासस

# भरतपुर अस्पतालद्वारा आइसियुमा प्रतिक्षारत बिरामीको नाम 'डिस्प्ले बोर्ड'मा

**चितवन।**
चितवनस्थित भरतपुर अस्पतालले सघन उपचार कक्ष (आइसियु) सेवामा पारदर्शिता, निष्पक्षता र सहज पहुँच सुनिश्चित गर्न प्रतिक्षारत बिरामीको विवरण डिस्प्ले बोर्ड (विद्युतीय सूचना पाटी) मार्फत सार्वजनिक गर्ने व्यवस्था लागू गरेको छ।

नयाँ व्यवस्थाअनुसार आइसियुमा शय्या उपलब्ध भएपछि सम्बन्धित बिरामी वा निजका आफन्तलाई मोबाइल फोनमार्फत सन्देश (एसएमएस) पठाई जानकारीसमेत गराइनेछ । अस्पतालमा आइसियुका शय्या प्रायः खाली नहुने भएकाले बिरामी आइसियु सेवाबाट वञ्चित नहोऊन् भन्ने उद्देश्यले प्रतीक्षारत रहेकाको नाम र विवरण डिस्प्ले बोर्डमा देखाउने व्यवस्था गरिएको अस्पताल प्रशासनले जनाएको छ।

भरतपुर अस्पतालका प्रवक्ता डा. रामप्रसाद सापकोटाले आइसियु जस्तो अति संवेदनशील सेवामा पारदर्शिता, निष्पक्षता तथा प्राथमिकताका आधारमा सेवा सुनिश्चित गर्न व्यवस्था लागू गरिएको जानकारी दिए। उनले भने, 'आइसियु सेवामा थप पारदर्शिता, निष्पक्षता र सहज पहुँच सुनिश्चित गर्न प्रतिक्षारत बिरामीको नाम विवरण डिस्प्ले बोर्डमा देखाउने व्यवस्था लागू गरेका हौँ । आइसियुमा शय्या उपलब्ध भएपछि सम्बन्धित बिरामी वा आफन्तलाई फोनमार्फत सन्देश पठाइने व्यवस्था गरेका छौँ। यसले सेवा प्रवाहलाई थप व्यवस्थित र विश्वासनीय बनाउन सहयोग पुग्नेछ।'

अस्पतालको आकस्मिक सेवा (इमरजेन्सी) काउन्टरबाट आइसियुमा भर्नाका लागि आवश्यक विवरण प्रविष्ट गरिनेछ। यस व्यवस्थाले आइसियुमा शय्या खाली भए÷नभएको जानकारी सहज रूपमा प्राप्त गर्न सकिने तथा आवश्यकताका आधारमा सेवा प्रदान गर्न सहयोग पुग्ने अस्पतालले जनाएको छ । यस व्यवस्थाले आइसियु शय्याको उपलब्धतासम्बन्धी जानकारी सहज बनाउनुका साथै चिकित्सकीय प्राथमिकता र निर्धारित प्रक्रियाअनुसार सेवा प्रवाह गर्न सहयोग पुग्ने प्रवक्ता डा. सापकोटाले बताए।

छ सय शय्याको भरतपुर अस्पतालमा हाल वयस्कतर्फको सघन उपचार सेवाअन्तर्गत पुरानो आइसियु (एमआइसियु र एआइसियु) मा १८ शय्या, नयाँ आइसियु तथा सिसियुमा १८ शय्या र बर्न वार्डको आइसियुमा दुई शय्या गरी कूल ३८ शय्या सञ्चालनमा रहेका छन्।

बालबालिका तथा नवजात शिशुका लागि ३५ शय्याको आइसियु सेवा उपलब्ध छ । अस्पतालको आकस्मिक विभागमा ५० शय्या छन् । अस्पतालमा दैनिक रूपमा तीन हजारभन्दा बढी बिरामी सेवा लिन आउने गरेका छन्। रासस

# दश ओलम्पियन खेलाडी सम्मानित



**कैलाली।**
सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्ने १० जना ओलम्पियन खेलाडीलाई धनगढीमा नगदसहित सम्मान गरिएको छ । सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले आज यहाँ कार्यक्रम आयोजना गरी खेलका माध्यमबाट सुदूरपश्चिमको पहिचान स्थापित गराउन योगदान पुर्याउने १० जना ओलम्पियन खेलाडीलाई नगदसहित सम्मान गरेको हो।

परिषद्ले सबैलाई जनही रु ७० हजारसहित दोसल्ला र प्रशंसापत्रद्वारा सम्मान गरेको हो । बक्सिङका विष्णुबहादुर सिंह, बक्सिङकै डम्मरदत्त भट्ट, तेक्वान्दोका दीपक विष्ट, भारोत्तोलनका भरतबहादुर साउद, पौडीकी गौरीका सिंह, एथलेटिक्सकी सरस्वती भटराई, तेक्वान्दोकी निशा रावल, ब्याडमिन्टनका प्रिन्स दाहाल, पारा एथलेटिक्सका विक्रमबहादुर राना र पारा तेक्वान्दोका भरतसिंह महता सम्मानित भएका हुन् । उनहरूलाई सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री बेलबहादुर राना र परिषद्का सदस्य सचिव लोकबहादुर खड्काले दोसल्ला, प्रशंसापत्र र नगदसहित सम्मान गरे। रासस

# धर्म र पर्यटनलाई जोड्दै मझुवागढी

**वासुदेव पौडेल/रासस**
**खोटाङ।**



सदरमुकाम दिक्तेल बजारस्थित हाटडाँडाबाट सिढीँहरू चढ्दै करिब ४५ मिनेट उकालो पार गरेपछि पुगिन्छ मझुवागढी। प्राकृतिक सुन्दरतासँगै कालिका भगवती मन्दिर, बुधेश्वर महादेव मन्दिर (गुफा), किरातीहरूको ऐतिहासिकस्थल जस्ता ऐतिहासिक एवं धार्मिक महत्वका स्थलहरूले यहाँको महिमा र गरिमालाई अझै उचो बनाएका छन्।

पैदलयात्रा गरी माथि पुगिसकेपछि भने हरियालीयुक्त भूगोलसँगै तीर्थस्थलका साथै यहाँबाट देखिने दिक्तेल बजारसहित वरपरको रमणीय दृश्यले जोकोहीलाई मोहित गराउँछ । पछिल्लो समयमा व्यवस्थित गर्दै लगिएका पूर्वाधारले पनि गढीसम्मको यात्रालाई थप व्यवस्थित बनाएको बुधेश्वर महादेव मन्दिरका पुजारी नवराज घिमिरेले बताए। उनका अनुसार यो क्षेत्र धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ।

विशेष गरी बालाचतुर्दशी, रामनवमी, शिवरात्रि, हरिबोधनी एकदशी, हरितालिका तीज लगायतका महत्वपूर्ण तिथिमिति र चाडपर्वमा यस क्षेत्रमा दर्शनार्थीहरूको ठूलो घुइँचो लाग्ने गरेको उनले बताए । उनका अनुसार हलेसी महादेव मन्दिर आउने अधिकांश दर्शनार्थी दिक्तेलमा आएर यहाँस्थित कालिका भगवती, बुधेश्वर महादेवको दर्शन तथा पूजाआजा गरेर फर्कने गरेका छन्।

पुजारी घिमिरेका अनुसार दिक्तेल बजारको हाटडाँडा हुँदै माथि उकालो चढेपछि सुरुमा बुधेश्वर महादेव मन्दिर(गुफा) आउँछ। करिब ३० मिटर लामो यस गुफाभित्र विभिन्न देवीदेवताका प्रकृतिले कुँदिएका तस्बिर जस्ता आकृतिहरू अवलोकन गर्न सकिन्छ। गुफाभित्र ठूलै संख्यामा चमेराहरू पनि छन्। गुफाबाट केही माथि उक्लेपछि कालिका भगवतीको मन्दिर आउँछ । घिमिरेका अनुसार स्थानीय रणविर राई र वीरन्ची आचार्यले सपनामा यहाँ मन्दिर भएको देखेका थिए । उनीहरूलाई सामु कटुवाल भन्ने व्यक्तिले यो स्थान खोज्न सघाएको भन्ने किम्बदन्ती रहेको उनले जानकारी दिए।

मनले चिताएको पुग्ने विश्वासका साथ मन्दिरमा दिक्तेलका साथै टाढाटाढाबाट भाकलसहित पूजाआजाका लागि भक्तजन आउने गरेका उनले बताए। उनका अनुसार कालिका भगवती मन्दिरमा पूजा गर्ने विधि र प्रक्रियामा विभिन्न मौलिकता रहेका छन्।

'कालिका भगवतीमा गरिने बलीपूजाका लागि २७ दिनदेखि तीन महिनाभित्रको पाठी मात्र प्रयोग गर्ने प्रचलन छ,' पुजारी घिमिरेले भने, 'बलि दिइएको पाठीको रगत नौ वर्षभन्दा माथिका महिलाले टेक्न नहुने र प्रसादका रूपमा पनि ग्रहण गर्न नहुने परम्परा छ।'

बलि दिइएको पाठीको मासु घरमा लैजान नहुने बताउँदै उनले पश्चिममा काँडे ओढार, दक्षिणमा गढी डाँडा, पूर्वमा सरने ओढार र उत्तरमा हाट डाँडाभित्र मात्रै पकाएर खानुपर्छ भन्ने प्रचलन रहेको जानकारी दिए । बलि दिइएको पाठीको मासु उक्त चार किल्लाभित्र खाएर नसकेकमा त्यही नै व्यवस्थापन गर्नुपर्ने तर घर लैजान नहुने परम्परा रहेको उनले बताए।

यहाँस्थित कालिका भगवती मन्दिरमा आचार्य थरका र बुधेश्वर महादेव मन्दिरमा घिमिरे थरका व्यक्तिहरूले पूजाआजा गर्दै आएका छन् । वि.सं. १६६३ देखि बुधेश्वर मन्दिरमा आफूहरूले विगत आठ पुस्तादेखि निरन्तर पूजाआजा गर्दै आएको घिमिरेले जानकारी दिए । 'कालिका भगवती मन्दिरको केहीमाथि वनभोजस्थल छ । विशेष गरी वनभोजको याममा यहाँ ठूलै संख्यामा समूहसमूहमा मिलेर सर्वसाधारण बनभोजका लागि आउँछन्,' उनले भने।

पछिल्लो समयमा यो क्षेत्र धार्मिक पर्यटनको आकर्षक गन्तव्य बनिरहेको कालिका भगवती मन्दिरका पुजारी युवराज आचार्यले बताए । विशेष तिथिमितिका साथै पर्व विशेषमा मन्दिरमा ठूलै भीडभाड हुने गरेको जनाउँदै उनले मन्दिरमा एकैदिनमा ११३ वटा पाठी बलि दिइएको तथ्याङ्क रहेको उल्लेख गरे।

रमणीय वन जङ्गलसँगै गुराँस फुल्ने याममा यो क्षेत्र अझै रमणीय देखिने गरेको छ । जङ्गलको केही पर किरातीहरूको ऐतिहासिक मझुवागढी यहाँको अर्को आकर्षण हो । किराती राजा रणवीर राईले तत्कालीन समयमा राज्य सञ्चालन गर्दाका विभिन्न अवशेष यहाँ रहेको स्थानीयवासी बताउँछन्।

पछिल्ला वर्षमा विभिन्न सेवा, पेसा र व्यवसायमा रहेका व्यक्तिसँगै विभिन्न उमेर समूहका व्यक्तिहरूको रोजाइमा मझुवागढी क्षेत्र पर्ने गरेको अर्का स्थानीयवासी भानुभक्त आचार्यले बताए। यस क्षेत्रको प्रचारप्रसार गर्दै धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रुपमा विकास गर्नुपर्ने उनको भनाइ छ।

मझुवागढीको प्रवद्र्धन र विकाससँगै यहाँको सौन्दर्यीकरणका लागि पछिल्ला वर्षमा सङ्घ, प्रदेश तथा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले लगानी बढाइरहेका छन् । मझुवागढीलाई सांस्कृतिक विविधतामा आधारित विशिष्ट पर्यटकीय गन्तव्य बनाउने लक्ष्यका साथ यहाँ विभिन्न मूर्तिकारहरूले तयार गर्नुभएका मूर्तिहरू राख्ने तयारीसमेत गरिएको छ।

# जिप दुर्घटना हुँदा एकको मृत्यु ११ जना घाइते

**कर्णाली।**
डोल्पाको जगदुल्ला गाउँपालिका–४ मौरैलेखमा आज बोलेरो जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । जगदुल्ला–४ माझगाउँबाट जुम्लातर्फ जाँदै गरेको कर्णाली प्रदेश ००१ ज ००५२ नम्बरको बोलेरो जिप आज दिउँसो अनियन्त्रित भई सडकबाट अन्दाजी २५ मिटर तल खस्दा दुर्घटना भएको हो।

दुर्घटनामा त्रिपुरासुन्दरी नगरपालिका–८ डोल्पाका ३८ वर्षीय विष्णु बुढाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोल्पाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक पद्म रावलले जानकारी दिए । जिपमा चालकसहित १२ जना सवार रहेकामा अन्य ११ जना घाइते भएका छन्।

उनका अनुसार घाइते हुनेमा डोल्पा त्रिपुरासुन्दरी नगरपालिका–७ का ४६ वर्षीय नन्दराम शाही, वडा नं ३ का २६ वर्षीय धनबहादुर डाँगी, जगदुल्ला गाउँपालिका–६ का २८ वर्षीय लालदेवी रोकाय, चार वर्षीय आवास रोकाय, २४ वर्षीया कर्णसरा बुढा, २४ वर्षीय धीरेन्द्र बूढाथोकी, दुई वर्षीय प्रितम बुढा, काइके गाउँपालिका–३ का ४४ वर्षीय भीमप्रसाद बुढा रहेका छन्। त्यस्तै, दुर्घटनामा परी जुम्लाको सिञ्जा गाउँपालिका–३ का ६२ वर्षीय डिल्लीप्रसाद उपाध्याय, गोठीचौर गाउँपालिका–४ का ६४ वर्षीय नित्यानन्द अधिकारी र बोलेरो चालक चन्दननाथ नगरपालिका–८ का अन्दाजी ३५ वर्षीय विन्दास रावल घाइते भएका प्रहरी निरीक्षक रावलले जानकारी दिए।

घाइतेहरूको उद्धार गरी उपचारका लागि चन्दननाथ नगरपालिकाको एम्बुलेन्स र एउटा गाडीमार्फत कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा पठाइएको सूचना अधिकारी रावलले बताए। उनका अनुसार दुर्घटना कसरी भएको हो भन्नेबारे अनुसन्धान भइरहेको छ। रासस

# कमल राष्ट्रिय सुकर्म पुरस्कार शिक्षाविद् शाक्यलाई



**तानसेन।**
कमल राष्ट्रिय सुकर्म पुरस्कार (२०८२) पाल्पाका शिक्षाविद्, समाजसेवी, गणितज्ञ दिलबहादुर शाक्यलाई प्रदान गरिएको छ । जिल्लास्थित शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालद्वारा कमलराज रेग्मीका नाममा स्थापित यो पुरस्कारबाट शाक्यलाई प्रदान गरिएको हो।

उनलाई रु ५१ हजार नगद, दोसल्ला र सम्मानपत्रले पुरस्कृत गरिएको छ। प्रतिष्ठानका संरक्षक वरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीले सो पुरस्कार स्थापना गरेका हुन्।

पुरस्कारबाट हालसम्म साहित्यकार झपेन्द्र जिसी, वैधराज विश्वमान बज्राचार्य, समाजसेवी राधा भारती, कलाकार अशोक आर्ट, शिक्षाविद् बुद्धिप्रसाद शर्मा, युनाइटेड मिसन अस्पतालका प्रमुख डा. रचेल कारख र साहित्यकार मोहन दुवाललाई पुरस्कृत गरिसकिएको प्रतिष्ठानका अध्यक्ष पुस्करराज रेग्मीले बताए।

पाल्पाको इतिहासमा शिक्षा साहित्य र राजनीतिको क्षेत्रमा स्वर्गीय कमलराज रेग्मीको योगदान अमूल्य रहेको अध्यक्ष रेग्मीले बताए । उनले भने, 'उनी २००७ सालका क्रान्तिका कमान्डर थिए । उनका नाममा यहाँ पुरस्कार राशी स्थापना हुनु पाल्पाका लागि गौरवको विषय हो।' रासस

# चारआली ओभरपासः ५० प्रतिशत काम सम्पन्न



**झापा।**
एसियाली राजमार्ग स्तरोन्नति आयोजनाअन्तर्गत झापाको मेचीनगरस्थित चारआलीमा निर्माणाधीन ओभरपासको करिब ५० प्रतिशत काम सकिएको छ । आयोजना कार्यालयका अनुसार बिर्तामोडको मुक्तिचोकमा निर्माण हुने ओभरपासको काम भने आगामी एक साताभित्र सुरु गरिनेछ।

एसियाली हाइवे परियोजना पूर्वी खण्डका आयोजना प्रमुख इन्जिनियर सुनीलबाबु पन्तले चारआली ओभरपासको संरचनागत निर्माण आधाभन्दा बढी भइसकेको बताउँदै बाँकी कामलाई तीव्रता दिइएको जानकारी दिए । उनका अनुसार बिर्तामोड नगरपालिका–२ स्थित चारपाने खण्डमा निर्माण भइरहेको अर्को ओभरपासको प्रगति पनि करिब ३५ प्रतिशत पुगेको छ।

चारआली चोकमा निर्माणाधीन ओभरपासको पूर्वतर्फ २५१ मिटर र पश्चिमतर्फ २२६ मिटर ¥याम्प (भिरालो बाटो वा गाडी कुदाउने) रहने इन्जिनियर पन्तले बताए । ओभरपास सञ्चालनमा आएपछि पूर्व–पश्चिम राजमार्ग हुँदै आवतजावत गर्ने लामो दूरीका सवारीसाधन चोकमा नरोकी माथिल्लो संरचनाबाट गुड्नेछन् भने स्थानीय सवारीसाधनले तलको सडक प्रयोग गर्नेछन् । यसबाट ट्राफिक व्यवस्थापन, यात्रा समयको बचत तथा दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने आयोजनाको विश्वास छ।

इन्जिनियर पन्तका अनुसार बिर्तामोडको मुक्तिचोकमा ओभरपास निर्माण ढिलाइ हुनुको मुख्य कारण विद्युत्का खम्बा स्थानान्तरणमा भएको ढिलाइ हो। अहिले अधिकांश खम्बा सार्ने काम सम्पन्न भइसकेकाले यही सातादेखि निर्माण कार्य सुरु गरिने तयारी गरिएको उनले बताए।

सरकारले एसियाली विकास बैंक (एडिबी) को सहयोगमा काँकडभिट्टाबाट सुनसरीको लौकहीसम्म ९५ दशमलव ७६ किलोमिटर पूर्व–पश्चिम राजमार्गलाई चारलेनको एसियाली राजमार्गका रूपमा स्तरोन्नति गरिरहेको छ । सोही आयोजनाअन्तर्गत चारआली, चारपाने, बिर्तामोड दमकसहित विभिन्न स्थानमा ओभरपास निर्माण भइरहेको हो।

चारआली ओभरपास निर्माण सम्पन्न भएपछि बजार क्षेत्रको ट्राफिक जाम अन्त्य भई व्यापार–व्यवसायमा सकारात्मक प्रभाव पर्ने अपेक्षा स्थानीय व्यवसायी शरद् शिवाकोटीले व्यक्त गरे। उनका अनुसार अहिले दैनिकजसो हुने सवारी चापका कारण बजार क्षेत्र प्रभावित हुने गरेको छ।

मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले ओभरपास निर्माणले मेचीनगरको शहरी स्वरूपमा नयाँ आयाम थप्ने बताए । उनले मेची पुलदेखि चारआलीसम्मको बजार क्षेत्रलाई व्यवस्थित बनाउन यस परियोजनाले महत्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गरे।

स्थानीय बद्री महतले मेची राजमार्ग र पूर्व–पश्चिम राजमार्गको सङ्गमस्थल चारआलीमा ओभरपास निर्माण भएपछि यातायात थप सहज हुनुका साथै स्थानीय व्यापार, व्यवसाय र समग्र क्षेत्रीय विकासमा टेवा पुग्ने धारणा व्यक्त गरे । निर्धारित समयमै आयोजना सम्पन्न हुनेमा आफू आशावादी रहेको उनले बताए । रासस

# निर्माणाधीन घरमा दुर्घटनाः एकको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१६ स्थित दुर्गा हल नजिक निर्माणाधीन एक घरमा आइतबार भएको दुर्घटनामा एक मजदुरको मृत्यु भएको छ । घरको सेन्टरिङ खोल्ने क्रममा अचानक पर्खाल भत्किँदा बारा जिल्लाको विश्रामपुर गाउँपालिका–कल्याणपुर निवासी ३० वर्षीय सुवास पटेल गम्भीर घाइते भएका थिए । दुर्घटनालगत्तै उनलाई उद्धार गरी उपचारका लागि भवानी अस्पताल पु¥याइएको थियो । तर उपचारका क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन् । प्रहरीका अनुसार मृतकको शव पोस्टमार्टमका लागि नारायणी अस्पतालमा राखिएको छ । घटनाको कारणबारे अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

## इ–स्कुटर आगलागी प्रकरणः

# प्रशासनको दुई पटकको बोलावटसमेत बेवास्ता

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित 'कुशवाहा मोटर्स'ले ई–स्कुटर आगलागी प्रकरणमा जिल्ला प्रशासन कार्यालय पर्साले गरेको दुई पटकको छलफल आह्वानसमेत बेवास्ता गरेको आरोप लागेको छ । पीडित प्रदीप साहका अनुसार आगलागी घटनापछि समाधानका लागि जिल्ला प्रशासन कार्यालय पर्साले दुई फरक मितिमा छलफलको समय निर्धारण गरी कम्पनीका सञ्चालकलाई उपस्थित हुन निर्देशन दिएको थियो । तर दुवै पटक कम्पनीका प्रतिनिधि वा सञ्चालक उपस्थित नभएको उनले बताएका छन्।
घटनासम्बन्धी साहले जिल्ला प्रशासन कार्यालय पर्सामा निवेदन दर्ता गर्दै निष्पक्ष छानबिन, आफूले बेहोरेको क्षतिको उचित मूल्याङ्कन, क्षतिपूर्ति तथा कानुनबमोजिम आवश्यक कारबाहीको माग गरेका छन् ।



निवेदनअनुसार २०८३ साल जेठ २१ गते बिहान करिब ७:४० बजे उनका बुबा किशन साह कानुको नाममा दर्ता रहेको म.प्र.०३–०३९ प १४४३ नम्बरको ई–स्कुटर घरभित्र पार्किङ गरी राखिएको अवस्थामा अचानक ब्याट्री पड्किएर आगलागी भएको थियो।
आगलागीका कारण ई–स्कुटर पूर्ण रूपमा नष्ट भएको मात्र नभई आगो घरको प्यासेज, भुइँतल्लाको कोठा, विद्युत् लाइन, सम्पूर्ण वायरिङ तथा इन्टरनेट राउटरसम्म फैलिएको निवेदनमा उल्लेख गरिएको छ । पीडितका अनुसार उक्त घटनाबाट करिब पाँच लाख रुपैयाँ बराबरको आर्थिक क्षति पुगेको छ । आगलागी भएको ई–स्कुटर वीरगंजस्थित कुशवाहा मोटर्सबाट खरिद गरिएको उल्लेख गर्दै विक्रेता पक्षको जिम्मेवारी निर्धारण गरी कानुनअनुसार क्षतिपूर्ति उपलब्ध गराउन प्रशासनसँग माग गरिएको छ।
साथै, जिल्ला प्रशासन कार्यालयमार्फत विक्रेता पक्षलाई उपस्थित गराई घटनाको निष्पक्ष अनुसन्धान, वास्तविक क्षतिको मूल्याङ्कन तथा कानुनी प्रक्रियाअनुसार क्षतिपूर्ति सुनिश्चित गरिदिन पनि पीडितले आग्रह गरेका छन्।

# निर्माणाधीन पार्कमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिका–९ स्थित हनुमान मन्दिर परिसरमा निर्माणाधीन पार्कमा विभिन्न जातको वृक्षारोपण कार्यक्रम आइतबार भएको छ । लायन्स क्लब अफ पोखरियाले आयोजना गरेको कार्यक्रम आयोजक संस्थाका अध्यक्ष नेजामुद्दीन शमानीको अध्यक्षतामा सम्पन्न भएको हो ।
कार्यक्रमका प्रमुख अतिथि प्रदेश सभा सदस्य तथा पूर्व कृषि मन्त्री जनार्दन सिंह क्षेत्री रहेका थिए भने विशिष्ट अतिथिहरूमा पूर्व नगर प्रमुख दिपनारायण रौनियार, वडा अध्यक्ष नौशाद आलम, लक्ष्मण साह, रामबाबु चौहान, लायन्स क्लब अफ पोखरियाकी उपाध्यक्ष आशा चौहान लगायत रहेका थिए । कार्यक्रमका अवसरमा हनुमान मन्दिरको जग्गा नामसारी गराउन विशेष पहल गरेका गोरख साह तेलीलाई उनको महत्वपूर्ण योगदानको कदरस्वरूप प्रमुख अतिथि जनार्दन सिंह क्षेत्रीद्वारा दोसल्ला ओढाई सम्मान गरिएको थियो ।
कार्यक्रममा वक्ताहरूले पार्क निर्माणका लागि प्रदेश सरकारबाट विनियोजित बजेट आपसी विवादका कारण खर्च हुन नसकी फ्रिज हुनु अत्यन्त दुःखद र दुर्भाग्यपूर्ण भएको उल्लेख गरे ।
उनीहरुले विकास निर्माणका कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन सबै पक्षबीच सहकार्य, आपसी समझदारी र एकता अपरिहार्य रहेको धारणा व्यक्त गरे ।
साथै, हनुमान मन्दिर परिसरलाई हरियालीयुक्त, स्वच्छ, सुन्दर तथा आकर्षक धार्मिक एवं पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सबै सरोकारवालाको साझा प्रतिबद्धता, सहयोग र सक्रिय सहभागिता आवश्यक रहेकोमा जोड दिएको छ ।

# गहवामाई रथयात्राको तयारी तीव्र

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित प्रसिद्ध गहवामाई मन्दिरबाट हरेक वर्ष आयोजना हुँदै आएको श्री महवा माई रथयात्रा–२०८३ को तयारी तीव्र रुपमा चलिरहेको छ । यही असार ३२ गते तदनुसार १६ जुलाई २०२६, बिहीबार हुने रथयात्रामा सहभागी हुन नेपाल तथा भारतका विभिन्न स्थानका भक्तजनलाई निमन्त्रणा वितरण गर्ने अभियान सुरु गरिएको आयोजक श्री गहवामाई तीर्थ क्षेत्र विकास समितिले जनाएको छ । रथयात्रा सहयोगी प्रभु साहका अनुसार श्री महवा माई रथयात्रा कार्यसमितिका सदस्यहरू घर–घर पुगेर भक्तजनलाई निमन्त्रणा वितरण गरिरहेका छन् । रथयात्रामा ठूलो संख्यामा श्रद्धालुको सहभागिता गराई धार्मिक कार्यक्रमलाई भव्य र सफल बनाउने उद्देश्यले निमन्त्रणा अभियान सञ्चालन



गरिएको उनले बताए । आयोजक समितिले सम्पूर्ण वीरगंज र सो आसपास क्षेत्रका भक्तजनलाई परिवारसहित रथयात्रा, भजन–कीर्तन, छप्पन भोग तथा महाप्रसाद भण्डारामा सहभागी भई धार्मिक पुण्य लाभ लिन आग्रह गरेको छ ।
समितिका अनुसार असार ३२ गते (१६ जुलाई) बिहान ७:३० बजेदेखि रथयात्रा सुरु हुनेछ भने सोही दिन साँझ ६:०० बजेदेखि भजन–कीर्तन आयोजना गरिनेछ । त्यसैगरी साउन १ गते (१७ जुलाई) बिहान ६:०० बजे छप्पन भोग तथा साँझ ४:०० बजेदेखि महाप्रसाद भण्डारा सञ्चालन गरिने कार्यक्रम रहेको छ । रथयात्रा तथा अन्य धार्मिक कार्यक्रम सफल बनाउन इच्छुक भक्तजनले ग्लोबल आईएमई बैंक लिमिटेड, वीरगंज शाखा को खाता नम्बर ०११०७०१०२६१०२८ वा उपलब्ध गराइएको क्यूआर कोड मार्फत आर्थिक सहयोग गर्न सक्ने आयोजक समितिले जनाएको छ ।

# पेट्रोलियम डिलर एशोसिएशनको अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पेट्रोलियम डिलर एशोसिएशन वीरगंजको साधारणसभा तथा अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले आगामी तीन वर्षका लागि नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ । अधिवेशनबाट विनोदकुमार चौरसिया अध्यक्षमा सर्वसम्मत रूपमा निर्वाचित भएका छन् भने त्यसैगरी मजिद मियाँ वरिष्ठ उपाध्यक्ष, प्रदीपकुमार पटेल उपाध्यक्ष, रवीन्द्र यादव महासचिव, मनीष मिश्र सचिव, पुरुषोत्तमकुमार गुप्ता सहसचिव तथा रामबाबू चौहान कोषाध्यक्षमा निर्विरोध चयन भएका छन् ।
नवनिर्वाचित पदाधिकारीहरूले पेट्रोलियम व्यवसायलाई अझ व्यवस्थित, पारदर्शी र व्यवसायीमैत्री बनाउने प्रतिबद्धता व्यक्त गर्दै व्यवसायीहरूको हकहित संरक्षण, आपसी समन्वय र क्षेत्रको समग्र विकासका लागि सक्रिय रूपमा काम गर्ने बताएका छन् ।
कार्यक्रममा सहभागी वक्ताहरूले पेट्रोलियम व्यवसायसँग सम्बन्धित समस्या समाधानका लागि सरकार र सम्बन्धित निकायसँग प्रभावकारी समन्वय आवश्यक रहेकोमा जोड दिँदै नयाँ कार्यसमितिलाई सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका थिए ।

# जयनगर–बर्दिबास रेलमार्ग निर्माणले लियो गति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समयदेखि मुआब्जासम्बन्धी विवादका कारण प्रभावित जयनगर–बर्दिबास रेलमार्गको बाँकी १८ किलोमिटर खण्डको निर्माण कार्यले पुनः गति लिएको छ ।
मुआब्जा विवाद समाधान भएसँगै निर्माण कम्पनीले धनुषा र महोत्तरी क्षेत्रमा रेल ट्र्याक बिछ्याउने कामलाई तीव्रता दिएको हो ।
नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइँदै आगामी दुई वर्षभित्र बर्दिबाससम्म रेल सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको छ । उनका अनुसार भारतीय निर्माण कम्पनी इरकन इन्टरनेसनलले बाँकी निर्माणलाई तीव्र रूपमा अघि बढाइरहेको छ ।
हाल निर्माणाधीन जयनगर–बर्दिबास ब्रोडगेज रेलमार्गको कुल लम्बाइ ७० किलोमिटर रहेको छ । यसमध्ये जयनगर–कुर्था खण्डमा २०७८ चैत १९ गतेदेखि नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ भने बाँकी खण्डको निर्माण क्रमशः अगाडि बढिरहेको छ ।
यसैबीच, नेपाल रेल्वे कम्पनीले विभिन्न स्थानमा अतिक्रमणमा परेको रेल्वेको जग्गा पहिचान गर्ने अभियान पनि सुरु गरेको छ । महाप्रबन्धक पराजुलीका अनुसार आधिकारिक नक्साका आधारमा रेल्वेको स्वामित्वमा रहेको जग्गा पहिचान गरी अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइनेछ ।
नेपाल–भारत द्विपक्षीय सहकार्यअन्तर्गत निर्माण भइरहेको जयनगर–बर्दिबास रेलमार्गलाई दुवै देशबीचको महत्वपूर्ण सीमापार पूर्वाधार परियोजनाका रूपमा हेरिएको छ । परियोजना सम्पन्न भएपछि नेपाल–भारतबीचको आवागमन, व्यापार तथा आर्थिक गतिविधि थप सहज हुने तथा नेपालको रेल पूर्वाधार विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# गर्मी बढेसँगै सर्पको विगविगी



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा अत्यधिक गर्मी बढेपछि सर्पको बिगबिगी भएको छ । लालबन्दी नगरपालिका–१, नवलपुरमा रहेको सर्प दंश उपचार केन्द्रको तथ्याङ्कअनुसार विगतभन्दा यस वर्ष सर्पको बिगबिगी बढेको पाइएको छ । उपचार केन्द्रका स्वास्थ्य सहायक जगन्नाथ यादवका अनुसार असारको तेस्रो हप्तासम्म ३०५ जना सर्पले डसेर उपचारका लागि केन्द्रमा आइसकेका छन् ।
यो तथ्याङ्क गत वर्षको भन्दा धेरै हो । दैनिक तीनदेखि सात जनासम्म सर्पले डसेका बिरामी उपचारका लागि आउने गरेको केन्द्रका अध्यक्ष उद्धव पौडेलले बताए । मुसाको दुलो झाडीलगायतका ठाउँमा बस्न रुचाउने विषालु सर्प गर्मी बढेसँगै बाहिर निस्कने गर्दछन् भने रातको समयमा आहाराको खोजीमा निस्किएको सर्प मानिसको सामुन्ने हुँदा आक्रमण गर्ने विज्ञहरूको भनाइ छ । सर्पले मानिस खोज्दै नहिँड्ने तर, मानवीय गतिविधिका कारण सुरक्षा चुनौती महसुस गरी आफ्नो बचाउका लागि डस्ने केन्द्रका अध्यक्ष पौडेलले बताए । उपचार केन्द्रको तथ्याङ्कअनुसार यस वर्षको फागुनमा १७, चैतमा ४७, वैशाखमा ६५, जेठमा ८५ र असारको तेस्रो हप्ता सकिनै लाग्दा ९१ जनालाई सर्पले डसेको छ ।

# मालदह आँपको मूल्य बढ्यो

**धनुषा ।**
मधेश प्रदेशमा मालदह जातको आँपको उत्पादन घट्दै गएपछि बजारमा यसको मूल्य दोब्बरले बढेको छ । तर किसानले भने आफूहरुले उचित मूल्य नपाएको भन्दै असन्तुष्टि जनाएका छन् । उनीहरुले शीतभण्डार, प्रशोधन र प्रभावकारी बजार व्यवस्थापनको माग गरेका छन् ।
दुई साताअघिसम्म १०० रुपैयाँमा साढे दुई केजी आँप बिक्री भइरहेकामा अहिल प्रतिकेजी १०० रुपैयाँमा भइरहेको छ । किसानका बगैँचामा मालदह आँप सकिन लाग्दा व्यापारीले मूल्य बढाएको तर आफूहरुले भने मूल्य नपाएको किसानको गुनासो छ ।
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–१ का किसान उमेश यादवले बजार मूल्य बढे पनि त्यसको लाभ किसानले नपाएको बताए । उनले किसानबाट सस्तोमा खरिद गरिएको आँप बजारमा महँगो मूल्यमा बिक्री भइरहेकाले प्रभावकारी बजार अनुगमन र मूल्य व्यवस्थापन आवश्यक रहेको उल्लेख गरे ।
मिथिला नगरपालिकाका कृषक धनिकलाल महतोले असार १५ पछि धान रोपाइँ सुरु हुने भएकाले किसानले बगैँचाबाट आँप समयमै बिक्री गर्न बाध्य हुने र व्यापारीले यही अवस्थाको फाइदा उठाएर कम मूल्यमा खरिद गर्ने गरेको बताए ।
उनले शीतभण्डार, प्रशोधन केन्द्र र व्यवस्थित बजारको अभावका कारण किसानले उत्पादनको उचित मूल्य नपाइरहेको उल्लेख गर्दै उत्पादनको मूल्य सुनिश्चित गर्न सरकारी पहल आवश्यक रहेको बताए ।
आँप व्यापारीका अनुसार बम्बई जातको आँप बजारबाट लगभग सकिएको छ भने मालदह आँप अब करिब १० दिनसम्म मात्रै उपलब्ध हुनेछ ।
त्यसपछि कलकत्तिया र आम्रपाली जातका आँप बजारमा आउनेछन् । रासस

# बर्दिबास साक्षर नगरको सूचीमा

**महोत्तरी ।**
बर्दिबास नगरपालिका साक्षर नगर घोषणा भएको छ । योसँगै बर्दिबास महोत्तरीमा साक्षर घोषणा हुने चौथो स्थानीय तह बनेको छ ।
शनिबार मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री शारदा थापाले यो नगरलाई साक्षर घोषणा गरेकी हुन् ।
विद्यालय जाने उमेर समूहबाहेक १५ देखि ६० वर्ष उमेर समूहका सम्बद्ध स्थानीय तहका कम्तीमा ९५ प्रतिशत बासिन्दा साक्षर भएपछि साक्षर भएकाले बर्दिबास साक्षर नगरको सूचीमा परेको हो । बर्दिबासले साक्षरताका १२ सूचक पूरा गरेको छ ।
नगर कार्यपालिकाको शिक्षा शाखाका प्रमुख रेवतीप्रसाद पराजुलीका अनुसार नगरको कुल ७५ हजार जनसंख्यामध्ये २५ हजार विद्यार्थी नगरक्षेत्रभित्रका ८० विद्यालयमा औपचारिक शिक्षामा आबद्ध छन्भने १५ देखि ६० वर्ष उमेर समूहका ४६ हजार ५२६ जनामध्ये ४५ हजार ३३२ जनाले साक्षरताको मापदण्ड पूरा गरेका छन् ।
शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख निर्मल घिमिरेले पछिल्लो समय जिल्लाका स्थानीय तहले साक्षरता कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाएका जानकारी दिँदै आर्थिक वर्ष २०८३–८४ मा जिल्लाका ६० प्रतिशत स्थानीय तहलाई साक्षर घोषणा गर्ने लक्ष्यसहित अभियान जारी छ । महोत्तरीमा १० नगरपालिका र पाँच गाउँपालिका छन् । यसअघि मनराशिशवा, मटिहानी र जलेश्वर नगरपालिका साक्षर घोषणा भएका हुन् ।

# १३ वर्षीया बालिकाको मृत्यु प्रकरणमा नयाँ मोड

**मधेशदृष्टि**
**बारा ।**
कलैया उपमहानगरपालिका–२१ मा १३ वर्षीया किशोरीको मृत्यु प्रकरणले नयाँ मोड लिएको छ । प्रारम्भिक प्रहरी अनुसन्धानमा गाउँका केही युवाबाट भएको दुव्र्यवहार, कुटपिट तथा सामाजिक सञ्जालमार्फत गरिएको सार्वजनिक अपमानपछि किशोरीले आत्महत्या गरेको देखिएको भन्दै प्रहरीले १७ वर्षीय किशोरलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सिमराका अनुसार घटना असार १५ गतेको हो । किशोरी गाउँ नजिकैको सार्वजनिक स्थानमा आफ्ना दुई जना चिनजानका युवकसँग कुरा गरिरहेकी बेला केही युवाहरूको समूह त्यहाँ पुगेको थियो । उनीहरूले किशोरी र ती युवकहरूमाथि गालीगलौज, दुव्र्यवहार र कुटपिट गरेको आरोप छ । अनुसन्धानका क्रममा घटनास्थलमा खिचिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिएको र त्यसपछि पनि केही व्यक्तिहरूले किशोरीको घरमै पुगेर अभिभावकको उपस्थितिमा मानसिक दबाब सिर्जना गरेको खुलेको प्रहरीले जनाएको छ ।
त्यसको भोलिपल्ट असार १६ गते किशोरी आफ्नै घरमा मृत फेला परेकी थिइन् । घटनापछि मृतककी आमाले संलग्न व्यक्तिहरूलाई कानुनी कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय सिमरामा किटानी जाहेरी दर्ता गराएकी थिइन् ।

सम्पादकीय

# माडीको ठोरीमा पर्यटनमा तुषारापात

पर्साको ठोरी नाकाबाट नेपाल प्रवेश गर्ने भारतीय पर्यटकका सवारी साधनमाथि सशस्त्र प्रहरीले कडाइ गरेपछि सैयौँ पर्यटक सीमामै रोकिएका छन् । सशस्त्र प्रहरीको बीओपीले भारतीय नम्बरका मोटरसाइकल तथा चार पांग्रे सवारीसाधनलाई ठोरी प्रवेशमा पूर्ण रोक लगाएको छ । यसले गर्दा ठोरीको पर्यटन क्षेत्रमा ठूलो असर परेको छ, जहाँ भारतीय पर्यटकमाथि नै पर्यटन व्यवसाय निर्भर रहेको छ।

नेपाल प्रवेश गर्न नपाएपछि सीमा क्षेत्र ठुटेखोला पुलपारी भारतीय पर्यटकहरूको सवारी साधन रोकिएको छ। त्यहाँदेखि ठोरी बजार पुग्ने सार्वजनिक सवारी साधनको अभावले ठूलो संख्यामा भारतीय पर्यटकहरू पुल पारी अलपत्र परेका छन्। यसले गर्दा ठोरीका पर्यटकीय गन्तव्य तथा होटेल, रिसोर्टहरू सुनसान भएका छन्। ठोरीको पर्यटन क्षेत्रमा ५० करोडभन्दा बढी लगानी भइसकेको अवस्थामा भारतीय पर्यटकका सवारी साधनमाथि रोक लगाइएपछि यहाँका पर्यटन व्यवसायीहरू चिन्तित बनेका छन्।

सशस्त्र प्रहरी पोष्टमा बुझ्दा भारतीय सवारी साधन नेपाल प्रवेश गर्न नदिन माथिबाट निर्देशन आएको जानकारी दिइएको छ।

सशस्त्र प्रहरी बल पर्साका प्रहरी उपरीक्षक मोहन सिंह क्षेत्रीले ठोरी नाका मात्र नभइ जिल्लाका भिष्वा, धोरेलगायतका नाकामा पनि कडाइ गरिएको बताएका छन् । उनले बिना इजाजत भारतीय सवारी साधन निर्वाध नेपाल प्रवेश गर्ने र कतिपय भारतीयहरूबाट सुरक्षा व्यवस्थामा समस्या आउने गरेकाले कडाइ गरेको स्पष्ट पारेका छन्।

यसअघि पनि ठोरी नाकाको सञ्चालन र भन्सार व्यवस्थापनमा देखिएको समस्याले यस क्षेत्रको पर्यटन व्यवसायमा असर परेको थियो। पर्यटन–मैत्री नीतिको चर्चा भइरहेका बेला पर्यटकलाई सीमाबाटै फर्काउनुले पर्यटन प्रवद्र्धनको सरकारी नीतिमै प्रश्न उठेको छ। एकातिर सरकार पर्यटन वर्ष मनाउने तयारीमा छ भने अर्कोतिर यस्ता घटनाले पर्यटन क्षेत्रमा नकारात्मक सन्देश प्रवाह गरिरहेको छ।

ठोरीको पर्यटन विकासका लागि सरकारले स्पष्ट नीति र कार्ययोजना बनाउनु आवश्यक छ । सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै पर्यटकलाई सहज पहुँच प्रदान गर्ने उपायहरू खोज्नुपर्छ । भन्सार प्रक्रियालाई सरलीकरण गरी भारतीय पर्यटकलाई आकर्षित गर्न सकिन्छ । अन्यथा, ठोरीको पर्यटन सपनामा तुषारापात भइरहनेछ र यस क्षेत्रको आर्थिक विकासमा बाधा पुग्नेछ।

# सुदूरपश्चिमको बजेटः निरन्तरताभित्र नवीनता खोज्ने प्रयास

–टिकाराम सुनार–रासस

हरेक वर्षका बजेटमार्फत सडक बन्छन्, पुल थपिन्छन्, सिँचाइ आयोजना अघि बढ्छन् र विद्यालय तथा अस्पतालका भवन निर्माणका घोषणा दोहोरिन्छन् । यस अर्थमा सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३–८४ को बजेट पनि अपवाद होइन । ‘एक स्थानीय तहः दुई उत्पादन’, ‘एक घरः एक धारा’, ‘मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम’, ‘मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृत्ति’जस्ता कार्यक्रम विगतकै निरन्तरतास्वरुप आएका छन्।

प्रदेश सरकारले यसपटक भने बजेटमार्फत नयाँ सोच अगाडि सारेको छ । बजेटलाई विकासको परम्परागत परिभाषाभन्दा बाहिर निकाल्ने प्रयास गरिएको छ। प्रदेश सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र उद्यमलाई छुट्टाछुट्टै क्षेत्रका रूपमा नभई आपसमा जोडिएका विकासका आधारका रूपमा प्रस्तुत गरेको छ । उत्पादन, रोजगारी र पूर्वाधारसँगै सामाजिक रूपान्तरण, प्राकृतिक कृषि, डिजिटल सुशासन, युवा उद्यमशीलता र स्थानीय उत्पादनको ‘ब्रान्डिङ’लाई प्राथमिकतामा राखेको छ।

असार १ गते ल्याएको ३७ अर्ब ७० करोड रुपैयाँको बजेटमा सरकारले केही यस्ता कार्यक्रम अघि सारेको छ, जसको सफल कार्यान्वयन भएमा भौतिक पूर्वाधारमात्रै होइन सामाजिक क्षेत्रको विकासमा पनि सकारात्मक प्रभाव पर्नेछन्।

प्रदेश सरकारले आगामी आवलाई ‘प्राकृतिक खेती रूपान्तरणको आधार वर्ष’ घोषणा गरेको छ। सुदूरपश्चिमलाई प्राकृतिक तथा पर्यावरणमैत्री खेतीको प्रदेशका रूपमा विकास गर्ने ‘प्रादेशिक रोडम्याप’ तयार गरिने उल्लेख छ। बजेटमा समेटिएको प्राङ्गारिक खेती विस्तार र विषादी अवशेषरहित खाद्य उत्पादनलाई प्रोत्साहन गर्ने नीति केवल कृषि कार्यक्रम होइन, जलवायु परिवर्तन, जनस्वास्थ्य र बजारलाई एउटै सूत्रमा बाँध्ने प्रयास हो।

कृषिमा अर्को फरक सन्देश ‘पोखौँ पसिना, देशमै हाँसेर’ अभियानले दिएको छ । विदेशबाट फर्किएका र कृषि अध्ययन गरेका युवालक्षित उद्यमशीलता कार्यक्रमले युवा जनशक्तिलाई उत्पादनसँग जोड्ने नीति लिएको छ। यसका लागि दुई करोड पाँच लाख विनियोजन गरिएको छ । यसले बेरोजगारीलाई केवल सामाजिक समस्या नभई उत्पादनसँग जोडेर समाधान खोज्ने प्रयासका रूपमा लिन सकिने आर्थिक मामिला मन्त्रालयका अधिकारीहरु बताउँछन्।

वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषिमार्फत उद्यमी बनाउने यो अवधारणा प्रदेश सरकारको रोजगारी नीतिमा नयाँ प्रयोगका रूपमा रहेको प्रदेशको नीति तथा योजना आयोगका सदस्य नृपबहादुर सुनारको भनाइ छ । स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सोच पनि बजेटको अर्को बलियो पक्ष हो।

रैथाने उत्पादनको पहिचान, भौगोलिक सङ्केत (जीआई), ब्रान्डिङ, प्याकेजिङ र ‘सुदूरकोसेली’ अवधारणामार्फत प्रदेशका उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारसम्म पुर्याउने लक्ष्य राखिएको छ । धनगढी विमानस्थलमा सञ्चालन भइरहेको ‘सुदूरकोसेली घर’मार्फत नौवटै जिल्लाका स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने योजना स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने प्रयासका रूपमा रहेको छ।

कृषकले उत्पादन गर्नेमात्र होइन, मूल्य शृङ्खलामा सहभागी बन्नुपर्छ भन्ने सोच यसभित्र रहेको आयोगका सदस्य सुनारको भनाइ छ। आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीका अनुसार प्रकृति र संस्कृतिको संरक्षणलाई एकीकृत गर्दै जलवायु परिवर्तनको चुनौतीबीच कृषि उत्पादनलाई दिगो बनाउन सरकारले लिएको नीतिलाई प्रदेशकै पहिचान निर्माण गर्ने प्रयासका रूपमा हेरिएको छ।

यस्तै, मुख्यमन्त्री लघुउद्यम कार्यक्रममार्फत गरिबी सूचकाङ्कमा पछाडि रहेका अछामको ढकारी गाउँपालिका र कमलबजार नगरपालिका, बाजुराको त्रिवेणी नगरपालिका, बैतडीको सिगास र शिवनाथ गाउँपालिका तथा डोटीको शिखर नगरपालिकामा पोषण सुधार र आयआर्जन अभिवृद्धि गर्ने योजना अगाडि सारिएको छ। समाजको पिँधमा रहेका मुक्तकमैया, कम्लरी, हलिया र अव्यवस्थित बसोबासीको आवास निर्माण, जीविकोपार्जन सुदृढीकरण र आयआर्जनका गतिविधि सञ्चालनका लागि चार करोड रुपैयाँ विनियोजन गरिएको छ। शासन र सरकारले प्रदान गर्ने लाभबाट कोही पनि छुट्नुहुन्न भन्ने सोचसहित यो कार्यक्रम राखिएको देखिन्छ।

त्यसैगरी, उच्च पहाडी जिल्ला बझाङ, बाजुरा र दार्चुलामा बृहत्तर भेडापालन कार्यक्रम सञ्चालन गरी उद्यमशीलता विकास तथा मूल्य शृङ्खलामा आबद्ध गर्न ऊन प्रशोधन तथा गलैँचा उद्योग स्थापना गर्ने भनिएको छ । त्यसका लागि छ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ । आधुनिक कृषि प्रविधिका कारण विस्थापित हुने अवस्थामा पुगेका हल– गोरुपालक किसानलाई प्रोत्साहन गर्न एक करोड ८० लाख रुपैयाँ छुट्याएर सरकारले खेतीकार्यमा परनिर्भरता हटाउने सोच राखेको छ।

बजेटले डिजिटल सुशासनलाई पनि उच्च प्राथमिकता दिएको छ । सवारीसाधन र चालक अनुमतिपत्रसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल बनाइने, दर्ता, नवीकरण र राजस्व भुक्तानीलाई पूर्ण रूपमा अनलाइन प्रणालीसँग आबद्ध गरिने व्यवस्था गरिएको छ । यसले सेवाग्राहीको समय र खर्च बचाउनुका साथै सार्वजनिक सेवामा पारदर्शिता बढाउने अपेक्षा गरिएको छ।

सामाजिक क्षेत्रमा पनि बजेटले फरक सन्देश दिन खोजेको छ । ‘सानै छु, बढ्न देऊ, बालविवाह होइन पढ्न देऊ’ अभियानलाई निरन्तरता दिँदै बालविवाह न्यूनीकरणका लागि अभियान सञ्चालन गर्ने भनिएको छ। जसका लागि एक करोड रुपैयाँ विनियोजन गरिएको छ। शिक्षा क्षेत्रको यो अभियानले सामाजिक चेतना र व्यवहार परिवर्तनलाई नीतिगत प्राथमिकता दिएको देखिन्छ।

यस्तै, कमजोर आर्थिक अवस्था भएका जेहेन्दार विद्यार्थीका लागि उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एमबिबीएस–एमडीजिपी अध्ययन गर्न ‘मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृत्ति’ कार्यक्रममा रु चार करोड ५० लाख, सामुदायिक क्याम्पसका विद्यार्थीलाई ‘सिक्दै कमाउँदै, कमाउँदै सिक्दै’ कार्यक्रम, प्रत्येक जिल्लामा नमूना क्याम्पस विकास गर्न चार करोड ५० लाख रुपैयाँ विनियोजन गरी शिक्षा र रोजगारीबीचको सम्बन्धलाई जोड्ने प्रयास गरिएको छ।

स्वास्थ्य क्षेत्रको बजेट पनि उपचारमा मात्र केन्द्रित छैन । गुणस्तरीय स्वास्थ्य सेवा विस्तार र नागरिकको पहुँच वृद्धिका साथै समुदायको सहभागिताको विषयलाई पनि महत्त्व दिइएको छ । ‘मेरो स्वास्थ्यः मेरो जिम्मेवारी’ अभियानमार्फत नसर्ने रोग र मानसिक स्वास्थ्यलाई समुदायस्तरमै सम्बोधन गर्ने नीति लिइएको छ । थारू समुदायमा देखिने सिकलसेल एनिमिया, थालासेमिया र हेमोफिलियाजस्ता रोगको पहिचान र उपचारलाई विशेष कार्यक्रममार्फत अघि बढाउने व्यवस्था गरिएको छ।

कृषि, वन र वातावरणबीचको अन्तरसम्बन्धलाई ध्यान दिँदै जलवायुमैत्री नमूना गाउँ, मानव–वन्यजन्तु द्वन्द्व प्रभावित क्षेत्रमा बहुमूल्य नगदेबाली प्रवर्द्धन, सामुदायिक गौशालालाई बहुउद्देश्यीय उत्पादन केन्द्रका रूपमा विकास तथा जैविक मल र बायोग्यास उत्पादनलाई प्रोत्साहन गर्ने कार्यक्रममार्फत दिगो विकासको अवधारणालाई व्यवहारमा उतार्न प्रदेश सरकार प्रतिबद्ध रहेको सन्देश प्रवाह गर्न खोजिएको छ।

प्रदेश सरकारले सार्वजनिक–निजी साझेदारी, डिजिटल कर प्रणाली, लगानी सम्मेलन, स्टार्टअप प्रवर्द्धन र परिणाममुखी बजेट कार्यान्वयनलाई पनि प्राथमिकतामा राखेको छ । यी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनसके सुदूरपश्चिमको विकासमा नयाँ मोडेल निर्माण हुने प्रदेश सरकारका अधिकारीहरूको दाबी छ।

यद्यपि यी कार्यक्रमको सफलता घोषणाले होइन, कार्यान्वयनले निर्धारण गर्नेछ। ‘प्रदेश सरकारले अघि सारेका धेरै कार्यक्रम विगतमा पनि घोषणा भएका थिए, तर अपेक्षित परिणाम दिन सकेनन् । त्यसैले यसपटकको सबैभन्दा ठूलो परीक्षा बजेट कार्यान्वयन, अन्तरसरकारी समन्वय, निजी क्षेत्रसँगको सहकार्य र प्रभावकारी अनुगमन हुनेछ,’ नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष भरत शाहको भनाइ छ।

यसपटकको बजेटमा केही नवीन सोच राखिए पनि बजेट निर्माण प्रक्रिया र योजना छनोटबारे भने यहाँ राजनीतिक हलहरूबीच मतभेद छ । प्रतिपक्षीमात्रै होइन, सत्ता गठबन्धनमा रहेका दलका नेताहरूले असन्तुष्टि जनाइरहेका छन् । मुख्यमन्त्री कमलबहादुर शाह भने बजेटमा केही त्रुटि भए पनि सहमतिमै बाँकी प्रक्रिया अगाडि बढ्नेमा विश्वस्त छन्।

‘बजेटमा केही प्राविधिक त्रुटि भएका छन्, त्यस विषयमा छलफल भइरहेको छ र चाँडै निष्कर्षमा पुग्छौँ। बजेट निर्माण प्रक्रियामा भएका त्रुटि एक्लैले समाधान गर्न सकिँदैन। यही असार २३ गते बस्ने प्रदेशसभा बैठकमा बजेट टेबल भएपछि बाँकी प्रक्रिया अगाडि बढ्छन्। म विश्वस्त छु कि बजेट सहमतिमै पारित हुनेछ,’ उनले भने।

# प्रभावकारी सेवा प्रवाहदेखि आर्थिक कूटनीति विस्तारसम्म

–भीष्मराज ओझा – रासस

वर्तमान सरकार गठनको १०० दिन पुगेको छ । सुशासन र सेवा प्रवाहलाई मुख्य उद्देश्य बनाएर बनेको सरकारले यस अवधिमा अपेक्षित उपलब्धि हासिल गरेको जनाएको छ।

नेपाल सरकारले चालेको सुशासनको अभियानमा सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी, जवाफदेही, प्रभावकारी र प्रविधिमैत्री बनाउने विषय प्रमुख आधारका रूपमा रहेको छ। परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवालाई थप सरल, सहज, प्रभावकारी, प्रविधि एवम् सेवाग्राही मैत्री बनाउने कार्यमा प्रभावकारी कदमहरू चालिएको र उपलब्धिहरू पनि हासिल भएका मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयले पनि यस अवधिमा सरकारको १०० बुँदे कार्ययोजनाअन्तर्गका साथै अन्य विभिन्न उपलब्धि हासिल गरेको छ। मन्त्रालयले विदेशमा समस्यामा परेका नेपालीलाई कन्सुलरलगायत सेवा प्रदान गर्न ‘मोफा मित्र’ नामक एप तयार गरी सञ्चालनमा ल्याएको छ।

यसैगरी, कन्सुलर सेवा विभागको कन्सुलर तथा कानुनी परामर्श सेवाको ‘अनलाइन’ सेवा हालसम्म सबै जिल्ला तथा ५ सय ३७ स्थानीय तहसम्म विस्तार गरिएको छ।

पोर्चुगलमा रहेका नेपालीमध्ये करिब दुई हजार जनाको सक्कल प्रहरी चारित्रिक प्रमाणपत्रमा ‘कन्सुलर’ प्रमाणीकरणको छाप कीर्ते पाइएकाले उनीहरूलाई त्यहाँको अस्थायी आवासीय अनुमतिपत्र दिन समस्या भएको थियो । त्यस सन्दर्भमा परराष्ट्रमन्त्री शिशिर खनाल र परराष्ट्र सचिव अमृतबहादुर राईले आआफ्ना समकक्षीसँग सो बारेमा कुराकानी गरेपश्चात् समस्या समाधान भएको छ।

दक्षिण पूर्वी एसियामा अनलाइन ‘स्क्यामिङ्ग’मा ठगीमा परेका ८ सय १९ जनालाई यस अवधिमा परराष्ट्र मन्त्रालय र नेपाली नियोगहरूको समन्वयमा उद्धार गरी नेपाल ल्याइएको मन्त्रालयले जनाएको छ । यसैगरी, नेपालको निरन्तर कूटनीतिक पहलमा युएई सरकारले युएईमा थुनामा रहेका १ सय २८ जना नेपाली नागरिकलाई गत वैशाख २ गते तथा साउदी अरब सरकारले थुनामा रहेका ३३ जना नेपाली नागरिकलाई यही असार १६ मा क्षमादान दिएको थियो।

नेपाली चियाको भारत निर्यात सहजताका लागि भारतको विदेश मन्त्रालय र अन्य निकायसँग परराष्ट्र मन्त्रालय र भारतस्थित नेपाली राजदूतावासले संवादमार्फत समाधान गरेको छ । त्यस्तै, पश्चिम एसियामा तनावको अवस्थामा उक्त क्षेत्रमा ठूलो संख्यामा रहेका नेपाली नागरिकको सुरक्षालाई केन्द्रमा राखी विभिन्न काम गरिएको छ। मन्त्रालयमा २४ घण्टे आपत्कालीन प्रतिकार्य समूह गठन गरिएको छ। क्षेत्रमा समस्यामा परेका एक हजार ४७ जनालाई नेपाल फिर्ता ल्याइएको छ।

**राहदानीमा नयाँ प्रणालीको सुरुआत**

राहदानीको नयाँ प्रणाली यही असार २९ बाट सुरु हुने र सोको तयारी मन्त्रालय र राहदानी विभागबाट करिब पूरा भएको छ। राहदानी सेवालाई थप सरल र सहज बनाउन नेपाली नियोग नभएका मुलुकमा राहदानी वितरण गर्न घुम्ती सेवा सञ्चालन गरिएको छ।

राहदानी सेवा सम्बन्धित जिल्ला र इलाका प्रशासन कार्यालयहरूमा पु¥याउन हुलाक विभागसँग सहकार्य गर्ने विषयमा यही असार १९ गते एक सम्झौता सम्पन्न र सोही दिनबाट उक्त सम्झौता लागू भएको छ । जुनसुकै जिल्लाबाट राहदानी आवेदन दिन सकिने व्यवस्थाका लागि आवश्यक प्रक्रिया सुरु गरिएको छ।

काठमाडौँस्थित राजदूत–नियोग प्रमुखहरूले गत ८ अप्रिलका दिन प्रधानमन्त्री वालेन्द्र शाहलाई सामूहिक शिष्टाचार भेट गर्नुभएको थियो। साथै, युरोपियन युनियन र केही राजदूत–नियोग प्रमुखहरूले पनि प्रधानमन्त्री शाहलाई २६ मेमा सामूहिक शिष्टाचार भेटघाट गरेका थिए । दुवै समारोहको मन्त्रालयबाट समन्वय गरिएको थियो।

आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा

नेपाल सरकारको समृद्धि हासिल गर्ने नीतिमा योगदान पु¥याउने उद्देश्यले विभिन्न देशसँगको सम्बन्धलाई सुदृढ बनाउँदै आर्थिक सहकार्यलाई थप प्रभावकारी बनाउन देशगत रणनीतिहरूलाई प्राथमिकतामा राखी काम भइरहेको मन्त्रालयले जनाएको छ। यसबाट द्विपक्षीय लाभका क्षेत्रहरू पहिचान गरी काम गरिने आधार तय गरिँदैछ।

आर्थिक समृद्धिसम्बन्धी सरकारको नीतिअनुरूप परराष्ट्र मन्त्रालयले आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राखेको छ। यस अवधिमा विकास कूटनीतिमार्फत तीव्रतर आर्थिक तथा सामाजिक विकास हासिल गर्ने दिशामा नीतिगत तथा कार्यक्रमगत व्यवस्थाहरू अवलम्बन गरिएको छ। निर्यात व्यापार, वैदेशिक सहायता, लगानी तथा पर्यटन प्रवद्र्धन, सूचना प्रविधि विकासलगायत क्षेत्रहरूमा देशको दीर्घकालीन राष्ट्रिय हितअनुकूल परिचालन गरिएको छ। यसका साथै, विदेशस्थित नेपाली नियोगहरूबाट आर्थिक कूटनीतिसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । देशगत रणनीतिमा आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखिएको छ।

**अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति सम्बन्धमा**

नेपाल सरकारले अतिकम विकसित मुलुकबाट हुने निर्धारित स्तरोन्नतिलाई तत्कालका लागि स्थगन गर्ने औपचारिक प्रक्रिया अघि बढाएको छ।

यसअघि नेपाल आगामी २४ नोभेम्बर २०२६ मा स्तरोन्नति हुने तय भए पनि पछिल्ला राष्ट्रिय तथा अन्तरराष्ट्रिय आर्थिक–राजनीतिक परिस्थितिलाई दृष्टिगत गर्दै स्तरोन्नतिलाई आगामी नोभेम्बर २०२९ सम्मका लागि पछाडि सार्न १३ मे २०२६ मा परराष्ट्रमन्त्री खनालले संयुक्त राष्ट्रसङ्घको विकास नीति समितिका अध्यक्षलाई औपचारिक रूपमा पत्राचार गरेका थिए।

त्यस्तै, लामो समयदेखि सुल्झन बाँकी रहेका भूतपूर्व ब्रिटिस गोर्खाहरुका मागहरूका सम्बन्धमा बेलायतका रक्षामन्त्री जोन हिलीलगायत उच्च पदाधिकारीसँग गत जेठ २५ गते ‘भर्चुअल’ बैठक गर्नुभएको थियो। यसैगरी, मन्त्री खनालले गत चैत २७ गते मौरिससमा आयोजना भएको नवौँ हिन्द महासागर सम्मेलनमा सहभागिता जनाई भूपरिवेष्टित मुलुकका रूपमा नेपालका विशिष्ट सरोकारहरूलाई अन्तरराष्ट्रिय समुदायसमक्ष स्पष्ट रूपमा प्रस्तुत गर्दै समुद्री पहुँच, कनेक्टिभिटी, क्षेत्रीय सहकार्य र साझेदारीलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता दर्शाएका थिए।

**द्विपक्षीय परामर्श संयन्त्रका बैठक सम्पन्न**

यस अवधिमा नेपाल र रोमानिया, नर्वे, स्विट्जरल्याण्ड, इजिप्ट, डेनमार्कलगायत मुलुकका परराष्ट्र मन्त्रालयहरूबीच रहेका द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरू भएका छन्। श्रम गन्तव्य मुलुकसँग आवश्यक सम्झौताहरू सम्पन्न गरी नेपालीको रोजगारीलाई मर्यादित र सुरक्षित बनाउने र उनीहरूको हकहितलाई संरक्षण गर्ने कार्यहरू भइरहेका छन् । हालसम्म १३ मुलुकसँग श्रम सम्झौताहरू सम्पन्न पनि भएका छन्।

ठूलो संख्यामा वैदेशिक रोजगारीमा रहेका नेपालीहरू र विभिन्न काम विशेषले देशबाहिर रहनुभएका नेपाली नागरिकको सुरक्षा, हकहित तथा अधिकारका विषयहरू हाम्रो प्राथमिकतामा रहेका छन्। नेपालको सौम्य शक्तिलाई अन्तरराष्ट्रिय जगत्मा प्रचारप्रसार गरी नेपालको अन्तरराष्ट्रिय छवि र प्रतिष्ठालाई उँचो बनाउन विभिन्न पहलहरू भएका मन्त्रालको प्रगति विवरणमा उल्लेख छ।

यसैगरी, नेपालको पूर्वपरराष्ट्र सचिव तथा नेपालका मूर्धन्य कूटनीतिज्ञ यदुनाथ खनालको सम्झनामा हरेक वर्ष परराष्ट्र मन्त्रालयले आयोजना गर्ने यदुनाथ खनाल लेक्चर सिरिजको पाँचौँ संस्करण २९ जुन २०२६ का दिन सम्पन्न गरिएको छ।

**नेपालको प्रस्तावमा संयुक्त राष्ट्र सङ्घद्वारा आरोग्य दिवस घोषणा**

नेपालको प्रस्तावमा संयुक्त राष्ट्र सङ्घले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको छ। पहिलो अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा मन्त्रालयले दक्षिणकाली नगरपालिकास्थित हात्तीवन–चम्पादेवी पदमार्गमा ‘आरोग्य पदयात्रा’ आयोजना गरिएको थियो।

यसै अवधिमा जर्मनीको हाइडलबर्ग विश्वविद्यालयस्थित साउथ एसिया इन्स्टिच्यूटमा रहेका नेपालका ८ सय वर्षअगाडि देखिका ऐतिहासिक हस्तलिखित सामग्रीहरु नेपाल फर्काउने सम्झौतामा २४ अप्रिल २०२६ का दिन एक समारोहबीच हस्ताक्षर सम्पन्न भएको छ।

त्यस्तै, गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, पुँजी र नेटवर्कलाई नेपालको विकास र समुन्नतिका लागि उपयोग गर्ने उद्देश्यले गैरआवासीय नेपालीसम्बन्धी ऐनलाई परिमार्जन गर्ने विषय प्राथमिकतामा रहेको मन्त्रालयले जनाएको छ।

नेपाल आबद्ध रहेका संयुक्त राष्ट्रसङ्घ तथा विशिष्टीकृत सङ्घसंस्था, अन्तरराष्ट्रिय सङ्गठनलगायतसँग नेपालको राष्ट्रिय हितअनुकूल हुनेगरी सरोकारवाला निकायसँगको समन्वयमा नेपालको नेतृत्व, प्रतिनिधित्व तथा आपसी सहयोग र सहकार्यलाई प्रभावकारी रूपमा अघि बढाउने कार्य निरन्तर चलिरहेको छ।

परराष्ट्र मन्त्रालयले पहिलो पटक यही असार ३ गतेदेखि परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानमार्फत इन्टर्नसिप फेलोसिप सुरुआत गरेको छ । कार्यक्रमका लागि एक हजार २ सय७८ प्राप्त आवेदनबाट जम्मा २० जना सहभागी छनोट गरिएको छ। छनोट भएका सहभागीहरूले परराष्ट्र मामिला, आर्थिक कूटनीति, प्रवासी नेपाली (डायस्पोरा)लगायत राष्ट्रिय महत्वका विविध क्षेत्रहरूमा अनुसन्धान गर्ने कार्य सुरु हुन लागेको छ।

विभिन्न देशका राजदूतका लागि आवेदन

नेपालमा पहिलो पटक राजदूत नियुक्तिका लागि दरखास्त आह्वान गरिएको छ। विभिन्न मुलुकका लागि नेपाली राजदूत पदका लागि करिब तीन हजार आवेदन प्राप्त भएको छ।

यससम्बन्धी आवश्यक कार्य भइरहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयको निर्देशनमा विदेशस्थित नेपाली नियोगहरूले अनौपचारिक विप्रेषण तथा हुण्डी नियन्त्रणका लागि सक्रिय रूपमा कामहरू गरिरहेका छन् । यसका लागि विप्रेषण सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने, विदेशमा बस्दा आफूले वैध रूपमा कमाएको रकम नेपाल पठाउँदा वा कानुनअनुसार नेपालबाट पैसा विदेश लैजाँदा औपचारिक बैङ्किङ च्यानलको प्रयोग गर्न वेबसाइट तथा सामाजिक सञ्जालमार्फत अनुरोध गर्ने गरिएको छ।

यस अवधिमा विदेशी मित्रराष्ट्रहरूबाट १२ भन्दा बढी नेपाल भ्रमणहरू सम्पन्न भएकामा ती भ्रमणको समन्वयलगायत ती अवसरमा भेटघाट र छलफलहरू परराष्ट्र मन्त्रालयबाट सम्पन्न भएका छन्। यी भ्रमणहरूबाट द्विपक्षीय सम्बन्ध थप सुदृढ भएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सञ्चार क्षेत्रका समस्या समाधानका लागि रचनात्मक सुझावसहित संवादमा आउन आग्रह



**ललितपुर ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सञ्चार क्षेत्रका समस्या आन्दोलन वा एकल विषयमा केन्द्रित बहसभन्दा पनि समग्र रूपमा समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै नेपाल पत्रकार महासङ्घलाई रचनात्मक सुझावसहित संवादमा आउन आग्रह गरेका छन् ।

नेपाल पत्रकार महासङ्घले आईतबार ललितपुरमा आयोजना गरेको 'बदलिँदो परिस्थितिमा प्रेस स्वतन्त्रताः सञ्चार कानुन र जिम्मेवार पत्रकारिता' विषयक राष्ट्रिय सम्मेलनमा सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले प्रेस स्वतन्त्रता, सञ्चार कानुन सुधार तथा पत्रकारितासँग सम्बन्धित सबै विषयमा संवादका ढोका खुला राखेको स्पष्ट पारे । संवादका ढोका बन्द गरिएको भन्ने महासङ्घको सत्य नभएको उल्लेख गर्दै उनले सरकार सरोकार भएकाहरुसँग छलफल र सहकार्य गर्न तयार रहेको बताए ।

उनले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएको उल्लेख गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा सरकार पूर्ण प्रतिबद्ध रहेको बताए । संविधानले सुनिश्चित गरेका अधिकारको कार्यान्वयनमा कुनै अवरोध नरहेको दाबी गर्दै उनले सरकार प्रेस स्वतन्त्रता संरक्षण र प्रवद्र्धनका लागि सचेत रहेको स्पष्ट पारे ।

सञ्चारमन्त्री तिमिल्सिनाले सरकार जवाफदेही हुनुपर्ने विषयमा कुनै मतभेद नरहेको उल्लेख गर्दै सञ्चारमाध्यमले सरकारलाई निरन्तर खबरदारी गर्नुपर्ने बताए । सरकार जिम्मेवार हुनुपर्छ भन्नेमा दुईमत हुन सक्दैन । सञ्चार माध्यमले प्रश्न उठाउनुपर्छ, तर त्यो तथ्य, प्रमाण र नैतिक आधारमा हुनुपर्छ, उनले भने ।

उनले समाचार, भ्रामक सूचना र नियतपूर्वक फैलाइने गलत सूचनाबीचको भिन्नता स्पष्ट रूपमा छुट्याउनुपर्ने आवश्यकता औँल्याउँदै सत्य, तथ्य र जिम्मेवारीमा आधारित पत्रकारितालाई अभल सुदृढ बनाउन सरकार र पत्रकार महासङ्घबीच समझदारी आवश्यक रहेको बताए । पत्रकारितालाई लोकतन्त्रको चौथो अङ्गका रूपमा उल्लेख गर्दै उनले यसलाई अझ बलियो, संस्थागत, विश्वसनीय र व्यावसायिक बनाउन सञ्चार मन्त्रालय तथा सरकार प्रतिबद्ध रहेको बताए । साथै पत्रकारिता जगत्ले पनि आफ्नो गरिमा, विश्वसनीयता र सामाजिक दायित्व कायम राख्न जिम्मेवार अभ्यासलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।

सरकारी विज्ञापनको दुरुपयोग भएको जानकारी प्राप्त भएपछि सरकारले आवश्यक कदम चालेको उल्लेख गर्दै उनले सञ्चार क्षेत्रका समस्या कुनै एक विषयमा सीमित नरहेको बताए । विज्ञापन वितरण, सञ्चार माध्यमको आर्थिक अवस्था, कानुनी सुधार, पत्रकारको व्यावसायिक सुरक्षा र संस्थागत विकासलगायत सम्पूर्ण पक्षलाई समग्र रूपमा सम्बोधन गरेर मात्र दीर्घकालीन समाधान सम्भव हुने उनले स्पष्ट पारे । यी समस्या समाधानका लागि महाङ्ःघले रचनात्मक र समाधानमुखी भएर सरकारसँग सहकार्य गर्नुपर्ने बताए ।

अहिले विज्ञापनको विषयलाई लिएर पत्रकार महासंघलाई सडक आन्दोलनको बाटो रोज्नुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उनले सञ्चार क्षेत्रका समस्या समाधानका लागि सरकारसँग औपचारिक संवाद र रचनात्मक छलफलमा सहभागी हुन आग्रह गरे । सञ्चार क्षेत्रलाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा सरोकारवालाबाट सुझाव लिन सरकार तयार मात्र नभई आतुर रहेको उनको भनाइ थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले सक्षम, स्वतन्त्र र उत्तरदायी सञ्चार माध्यम लोकतन्त्रका लागि अपरिहार्य रहेको उल्लेख गर्दै सरकारको विज्ञापनमा मात्र निर्भर रहेका सञ्चार माध्यमले प्रभावकारी रूपमा सरकारको खबरदारी गर्न कठिन हुने धारणा राखे । त्यसैले सञ्चार संस्थाहरूले आफ्ना व्यावसायिक कार्ययोजना सुदृढ गर्दै आर्थिक रूपमा आत्मनिर्भर बन्नुपर्ने उनले बताए । सञ्चार माध्यम आर्थिक रूपमा सुदृढ नभएसम्म गुणस्तरीय पत्रकारिताको अपेक्षा गर्न कठिन हुने उनको भनाइ थियो ।

उनले न्यूनतम पारिश्रमिक निर्धारण समितिले अपेक्षाअनुसार प्रभावकारी रूपमा काम गर्न नसकेको निष्कर्षसहित सरकारले उक्त समिति खारेज गरेको जानकारी दिए । आगामी दिनमा आवश्यकताअनुसार अल्पकालीन संयन्त्र गठन गरी सञ्चार क्षेत्रसँग सम्बन्धित विषयमा सुझाव लिने व्यवस्था गर्न सकिने उनले बताए ।

समाजमा बढ्दै गएको नकारात्मक प्रवृत्तिलाई चिर्न सञ्चार क्षेत्रले सकारात्मक, तथ्यपरक र सन्तुलित सूचना प्रवाहमार्फत रचनात्मक भूमिका खेल्नुपर्नेमा उनले जोड दिए ।

स्वतन्त्रता भनेको स्वच्छन्दता नभएको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले पत्रकारितामा गोपनीयताको अधिकारको सम्मान, पत्रकार आचारसंहिताको पूर्ण पालना तथा व्यावसायिक उत्तरदायित्वलाई उच्च प्राथमिकता दिनुपर्ने बताए । सरकारको नीति कुनै पनि अवस्थामा सूचना सङ्कुचन गर्ने नरहेको स्पष्ट पार्दै उनले समाचार हटाउन दबाब दिने वा हटाउने कार्य पत्रकारिता आचारसंहिताविपरीत हुने बताए ।

उनले प्रेस काउन्सिल नेपाललाई अझ सक्षम, प्रभावकारी र विश्वसनीय नियामक संस्थाका रूपमा विकास गर्ने योजना सरकारले अघि बढाइरहेको जानकारी दिए । सञ्चार माध्यम पनि स्वनियमनमा बस्नुपर्ने र आफ्ना सामग्रीप्रति आफैँ जिम्मेवार बन्नुपर्नेमा उनको जोड थियो ।

सार्वजनिक सञ्चार माध्यमलाई आर्थिक तथा प्रशासनिक रूपमा अझ पारदर्शी, स्वच्छ र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रको समग्र सुधार र उन्नयनका लागि मन्त्रालय निरन्तर काम गर्न तयार रहेको बताए । तपाईंहरु पनि नाजायज र गैरकानुनी कुरा बोकेर मन्त्रालयमा नआउनुहोला । तथ्य र प्रमाणका आधारमा उठाइएका हरेक विषय सुन्न पनि तयार छौँ, समाधान गर्न पनि तयार छौँ । सञ्चार क्षेत्रका सबै समस्याको समग्र समाधान खोजौँ, उनले भने ।

नेपाल पत्रकार महासङ्घकी अध्यक्ष निर्मला शर्माले सञ्चारसम्बन्धी कानुन, प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिताबारे राष्ट्रिय बहसको आवश्यकता रहेको बताइन् । अब बन्ने संघीय सञ्चार कानुन कस्तो हुनुपर्छ, पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन कसरी गर्ने तथा पत्रकार स्वयंको व्यावसायिक उत्तरदायित्व कसरी सुदृढ बनाउने भन्ने विषय सम्मेलनको प्रमुख छलफलका एजेन्डा रहेको उनले जानकारी दिइन् । महासङ्घका पूर्वअध्यक्ष हरिहर विरहीले सञ्चार क्षेत्रसहित सबै क्षेत्रको मनोबल अभिवृद्धिका लागि सरकारले सकारात्मक पहल गर्नुपर्ने बताए । नयाँ सञ्चार कानुन निर्माण गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुनै पनि रूपमा खुम्चिन नदिने गरी कानुनी व्यवस्था गर्न सरकार संवेदनशील हुनुपर्ने उनको भनाइ थियो ।

साथै पत्रकार आचारसंहिताको पालना, व्यावसायिक उत्तरदायित्व र पत्रकारिताको गुणस्तरबारे नेपाल पत्रकार महासङ्घले पनि गम्भीर आत्मसमीक्षा गर्दै स्वनियमनलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता उनले औँल्याए । रासस

# सिक्टा सिँचाइ आयोजना

## समयमै सम्पन्न गर्न सिँचाईमन्त्रीको निर्देशन



**काठमाडौँ ।**
आर्थिक वर्ष २०६१/६२ देखि निर्माण सुरु भएको सिक्टा सिँचाइ आयोजनाको अपेक्षित भौतिक प्रगति नभएपछि ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले चासो व्यक्त गरेका छन् ।

आयोजनाको स्थलगत निरीक्षण गर्दै मन्त्री श्रेष्ठले समय सीमाभित्र आयोजना सम्पन्न गर्न सम्वद्ध पक्षलाई निर्देशन दिएका हुन् । आयोजनाले बाँकेका राप्ती सोनारी, जानकी, बैजनाथ, डुडुवा, नरैनापुर, खजुरा गाउँपालिका, कोहलपुर नगरपालिका तथा नेपालगञ्ज उपमहानगरपालिको ४२ हजार ७६६ हेक्टर कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । पश्चिमी मूल नहरमार्फत ३३ हजार ७६६ हेक्टर र पूर्वी मूल नहरमार्फत करिब नौ हजार हेक्टर क्षेत्रमा सिँचाइ हुने परिकल्पना गरिएको छ ।

मन्त्री श्रेष्ठले आयोजनाको सफल कार्यान्वयनले बाँके जिल्लामा कृषि उत्पादन, खाद्य सुरक्षा तथा ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । स्थलगत निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले कर्मचारी तथा लाभान्वित किसानसँग अन्तरक्रियासमेत गरेका थिए । उनले आयोजनाका लागि आवश्यक बजेटको सुनिश्चित गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै निर्माणलाई तीव्रता दिन सुझाव दिए ।

राष्ट्रिय गौरवको आयोजनालाई समयमै सम्पन्न गर्न आवश्यक ऐन–कानुन तथा प्रशासनिक प्रक्रियामा देखिएका जटिलता समाधानका लागि आफूले आवश्यक पहल गर्ने उनले बताए ।

बहुवर्षीय ठेक्का तथा सहमतिसम्बन्धी प्रक्रियालाई थप सरल र प्रभावकारी बनाइने उनको भनाइ थियो । उनले सिक्टा सिँचाइ आयोजना पूर्वाधार निर्माणमा मात्र सीमित नरही बाँकेको कृषि आधुनिकीकरण, उत्पादन वृद्धि, खाद्य सुरक्षाको सुदृढीकरण तथा किसानको आयआर्जन बढाउने दीर्घकालीन आधार बन्ने उल्लेख गरे । सो क्रममा स्थानीय किसानसँग प्रत्यक्ष छलफल गर्दै रोपाइँको अवस्थाबारे जानकारी लिनुका साथै उनीहरूले भोगिरहेका समस्या र सुझावसमेत लिएका थिए ।

आर्थिक वर्ष २०६८÷६९ मा राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत भएको यस आयोजनाको स्वीकृत गुरुयोजनाअनुसार कुल अनुमानित लागत करिब रु ५२ अर्ब ८९ करोड रहेको छ । आयोजनालाई तीन चरणमा सम्पन्न गर्ने योजना रहेकामा हाल दोस्रो चरणको कार्य अघि बढिरहेको छ । आव २०८९र९० भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

हालसम्म आयोजनाको करिब ५० दशमलव ५० प्रतिशत भौतिक तथा ४५ दशमलव ५३ प्रतिशत वित्तीय प्रगति भएको छ । यस अवधिसम्म करिब रु २४ अर्ब आठ करोड खर्च भइसकेको छ । यस्तै, करिब २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भइसकेको आयोजनाले जनाएको छ । रासस

# कोरला सडकलाई पर्यटकीय राजमार्ग बनाउने सरकारको योजना



**काठमाडौँ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्री खडकराज पौडेलले कालीगण्डकी कोरिडोरअन्तर्गत कोरला सडकलाई पर्यटकीय राजमार्गका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको बताएका छन्।

जिल्ला प्रशासन कार्यालयले आइतबार आयोजना गरेको मुस्ताङको पर्यटन क्षेत्रको विकास र प्रवद्र्धनसम्बन्धी छलफलमा उनले कालीगण्डकी कोरिडोरअन्तर्गत दक्षिणको भैरहवादेखि उत्तरको कोरलासम्मको सडकलाई चाँडो स्तरोन्नति गरी पर्यटकीय राजमार्ग बनाउने सरकारको योजना रहेको बताए । आर्थिक समद्धिको मूल आधार पर्यटन क्षेत्र भएकाले कोरला राजमार्गलाई पर्यटन राजमार्गका रूपमा स्थापित गरिने भन्दै उनले मुस्ताङ–डोल्पा सडकलाई पनि सरकारले उच्च प्राथमिकतामा राखेको जानकारी दिए । मन्त्री पौडेलले मुक्तिनाथ क्षेत्रमा लेक लागेर पर्यटक बिरामी हुने समस्या जटिल बन्दै गइरहेकाले त्यसको समाधानका लागि पर्यटक 'टाइम कार्ड' लागू गर्न सरोकार भएका निकायलाई सुझाए । पर्यटनसम्बन्धी विभिन्न संघसंस्थाका प्रतिनिधि र व्यवसायीले पर्यटन क्षेत्रका सम्भावना र चुनौतीबारे मन्त्री पौडेलको ध्यानाकर्षण गराएका थिए। रासस

# कोशी प्रदेशसभाः

## विनियोजन विधेयकमाथिको छलफल सकियो




**विराटनगर ।**
कोशी प्रदेशसभाको आजको बैठकमा 'आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि कोशी प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' को सबै मन्त्रालयगत शीर्षकमाथिको समूहीकृत छलफल सकिएको छ । यही असार १९ गतेदेखि सुरु भएको मन्त्रालयगत विभिन्न शीर्षकमाथिको समूहीकृत छलफल आईतबार सकिएको हो ।

छलफलमा पहिलो दिन प्रदेशसभा सदस्य प्रेमराज थाम्सुहाङ, सपना दर्जी र खिनु लङ्वा लिम्बूले, दोस्रो दिन रामबहादुर मगर, राधाकृष्ण खनाल, गीता तिमल्सेना, राजन किराँती, गणेश उप्रेती र विनोद राईले तथा आज गोम्बू शेर्पा, नरिन राई, छविलाल चुडाल, लीलबल्लभ अधिकारी, बुद्धिकुमार राजभण्डारी, विद्या चाम्लिङ राई, सिर्जना राई, एकराज कार्की, रेवतीरमण भण्डरी, गोविन्द गिरी, सम्झाना तामाङ साम्सुहाङ र रामदेव यादवले प्रस्तुत विषयमा आ(आफ्नो धारणा राखे ।

आईतबारको बठकको विशेष समयमा नेपाली कम्युनिष्ट पार्टी ९नेकपा० कोशी प्रदेशसभाको संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले आगामी आवका लागि सरकारले सार्वजनिक गरेको बजेट कार्यान्वयनमा चुनौती देखिने किसिमको रहेको बताए । उनले उक्त बजेट त्रुटीपूर्ण रहेको भन्दै बजेटलाई कार्यान्वयनमा ल्याउने सन्दर्भमा सरकारसँग ठूलो चुनौती रहेकाले सदनबाट त्रुटी सच्याउने प्रस्ताव ल्याउनु उचित विकल्प हुने धारणा राखे । उनले कार्यान्वयनमा जान नसक्ने बजेट जनताको हितमा काम हुन नसक्ने दाबी गरे । नेता आङ्बोले विकास, समृद्धि, रोजगार र उत्पादनसँगै जनताको आवश्यकता पूरा गर्न किसिमको बजेट आउनुपर्नेमा जोड दिए ।

बैठकको शून्य समयमा प्रदेशसभाका सदस्य मीना श्रेष्ठ, सविना बजगाईं र सपना दर्जीले प्रदेशको मौजुदा समस्याका बारेमा आ(आफ्नो धारणा राखेका थिए । प्रदेशसभाको अर्को बैठक असार २२ गते सोमबार बिहान ११:०० बजे बस्ने उपसभामुख सृजना दनुवारले जानकारी दिइन् । रासस

# नार्कका सम्पर्कविहीन दुई कर्मचारी बर्खास्त



**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरण मातहतको नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का दुई कर्मचारी बर्खास्त भएका छन् । नार्कका अध्यक्षसमेत रहेका कृषि मन्त्री गीता चौधरीले लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीलाई सेवाबाट हटाएको उनको सचिवालयले जनाएको छ ।

सरकारले सुशासन र जनमुखी सेवा प्रवाहलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै मन्त्री चौधरीले दरबन्दी मात्र ओगटेर सम्बन्धित कार्यालयमा जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई आवश्यक कारबाही गरिएको बताइन् । सेवाबाट हटाइएका कर्मचारीमा कृषि अनुसन्धान निर्देशनालय, तरहरा सुनसरीमा कार्यरत प्राविधिक अधिकृत छैटौँ पार्वती जोशी र राष्ट्रिय जैविक प्रविधि अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरमा कार्यरत वैज्ञानिक एस–१ नमिता भट्टराई छन् । कर्मचारी प्रशासन विनियमावली, २०६२ को विनियम बमोजिम उनीहरूलाई अनुपस्थित रहेको मितिदेखि नै लागु हुने गरी सेवाबाट हटाइएको हो । परिषद्ले सम्बन्धित कर्मचारीहरूको घर ठेगानामा पत्राचार गर्नुका साथै राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सात दिनभित्र सम्पर्कमा आउन आग्रह गरेकामा तोकिएको अवधिमा पनि सम्पर्कमा नआएकाले परिषद्को कार्यकारी समितिको निर्णयअनुसार सेवाबाट हटाइको मन्त्री चौधरीले बताइन् । रासस

# मुलुकको आवश्यकतालाई ध्यानमा राखेर संसद्ले कानुन निर्माण गर्छः सभामुख अर्याल



**काठमाडौँ।**
प्रतिनिधिसभका सभामुख डोलप्रसाद अर्यालले मुलुकको आवश्यकतालाई ध्यानमा राखेर संसद्ले कानुनहरु निर्माण गर्ने बताएका छन् । काठमाडौँको चन्द्रागिरी नगरपालिका–१३ स्थित कङ्काली माध्यमिक विद्यालयको ४३औँ वार्षिकोत्सवका अवसरमा आइतबार आयोजित कार्यक्रममा उनले सो कुरा बताएका हुन्।

उनले कानुन निर्माणको मुख्य स्थानमा आफू रहेको उल्लेख गर्दै मुलुक र जनताको आवश्यकतालाई सम्बोधन हुने गरी कानुन निर्माण गरिने बताए । बयालिस वर्षअघि चार जना विद्यार्थीबाट सुरु भएको सो विद्यालयमा भएको पूर्वाधार र शैक्षिक विकासको प्रशंसा गर्दै काठमाडौँ क्षेन नम्बर ९ बाट निर्वाचित अर्यालले विद्यालयको उन्नयनका लागि शुभकामना व्यक्त गरे।

नेकपा (एमाले)का प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले आगामी दिनमा विद्यालयको थप प्रगतिको शुभकामना दिँदै आफ्नो स्थानबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । विद्यालयका प्राधानाध्यापक विष्णु पनेरुले विद्यालयले चार दशकमा प्राप्त गरेको उपलब्धिको चर्चा गर्दै आगामी दिनमा गुणस्तरीय शिक्षाका लागि विद्यालयले थप मेहनत गर्ने प्रतिबद्धता व्यक्त गरे। रासस

# साप्सु खोलाका ढुङ्गामा तिखारिँदै छन् मूर्तिकारका सीप



**खोटाङ ।**
धरान मूर्तिकला घरका सञ्चालक धीरज राई यतिखेर दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको शुभम् फाउन्डेसनमा भइरहेको मूर्तिकला कार्यशालामा स्थानीय साप्सु खोलाबाट ल्याइएका ढुङ्गामा आफ्नो श्रम र सीप लगाउन व्यस्त छन् । एउटै ढुङ्गामा किराती समुदायको मौलिकता झल्काउने लक्ष्य अनुरूप निरन्तर लागि रहेका उनले ढुङ्गामा बाबु (चिन्डो) सेलोमा, ढोल, झ्याम्टा, धनुकाँण, तीन चुलोको प्रतीक बुन्छन् ।
विगत १२ वर्षदेखि मूर्तिकारितामा निरन्तरको लगाव राख्दै आएका राई यही असार १२ गतेदेखि दिक्तेलमा सञ्चालित मूर्तिकला कार्यशालामा लागिरहेका हुन् ।
राईले तयार गरेका मूर्ति धरान मूर्तिकला घरबाट देशका विभिन्न स्थानमा पुगिसकेका छन् । उनले यसअघि ५० फिट अग्लो लिटिल बुद्धको मूर्ति निर्माणसँगै थु्प्रै मूर्तिहरू तयार गरिसकेका छन् । उनीसहित सामूहिक सहकार्यमा तयार गरिएको ११० फिट अग्लो यलम्बरको मूर्ति खोटाङको बुइपामा ठड्याइसकिएको छ । गोरखाको सुलिकोटमा गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहाल 'प्रचण्ड' भएको शान्ति सम्झौताको प्रतिमादेखि पृथ्वीनारायण शाह आदिका मूर्तिका साथै धरानका पूर्वनगरप्रमुख हर्क साम्पाङको प्रतिमा आदिले उनको मूर्तिकारिताले समयसमयमा चर्चा पाउने गरेको छ । करिब एक डेढ घण्टामा दुरुस्त मूर्ति तयार गर्न सक्ने क्षमताका राई ठाउँठाउँ्का जीवन्त प्रदर्शनीमा पनि आफूलाई उभ्याइ सकेका छन् । राई जस्तै नवलपरासीका मूर्तिकार विके नरबहादुर पनि यतिखेर दिक्तेलमा छन् । जीवनको २५ वर्षभन्दा बढी मूर्तिकारितामा समय खर्चिसकेका नरबहादुरले दिक्तेलमा भइरहेको कार्याशालामा सहभागी भई ढु्ङ्गामा माता कालीको साङ्केतिक मुहारलाई देखाउने गरी आफ्नो सीप लगाइरहेका छन् ।
थ्रुप्रै मूर्तिहरू तयार गरिसकेका नरबहादुरले यसअघि बर्दघाट नगरपालिकामा १२ फिट अग्लो बुद्धको मूर्ति, स्याङ्जाको भालुवाङमा राखिएको १२ फिट अग्लो भालुको मूर्ति, स्याङ्जाको पुतली बजारमा राखिएको सुन्तलाको मूर्ति, नवलपरासीको सुस्ता पावरहाउस चोकमा राखिएको बिपी कोइरालाको मूर्ति आदि तयार गरी चर्चामा आइसकेका छन् ।
मूर्तिकारिताका क्षेत्रमा इमान्दार भएर काम गर्ने हो भने स्वरोजगार बन्न कुनै समस्या नरहेको उनको अनुभव छ । राई र नरबहादुर जस्तै काठमाडौँकी शुक्ष्मा श्रेष्ठ पनि दिक्तेलमा गणेशको मूर्ति बनाइरहेकी छिन् । विगत ३० वर्ष अघिदेखि नै मूर्तिकारिताका क्षेत्रमा लागेकी श्रेष्ठ केही समय पारिवारिक कामले सक्रिय नबने पनि पुनः पछिल्ला १० वर्षयता यस क्षेत्रमा कृयाशिल बनेर लागिरहेको अनुभव सुनाइन् ।
आफूले यस कीर्तिपुरमा गणेशको मूर्ति बनाएको अनुभव सुनाउँदै उनले दिक्तेलमा चौथो पटक गणेशको मूर्ति बनाउन लागेको बताइन् । सबै मूर्तिकारहरूका काममा ललितकला क्याम्पसमा फाइन आर्ट विषयमा स्नातक तह अध्ययन गरिरहेका रुपन्देहीका आयु्ष सुनार, स्याङ्जाका विदुर पौडेलले सहयोग गरिरहेका छन् । कार्यशालामा पाँच वटा प्रदेश, १२ जिल्लाका साथै एक जना भारतीय कलाकार पनि सहभागी बनेका छन् । मूर्तिकारहरूले कार्यशालामा सहभागी भई गौतमबुद्धको अर्धकदको मूर्ति, जट्टाधारी शिवजीको अर्धकदको मूर्ति, किरात संस्कार तथा संस्कृतिसँग सम्बन्धित ढोल, झ्याम्टा, बाबु (चिन्डो) तथा धनुषवाण, लोपोन्मुख जनावर रेडपाण्डा लगायतका कलात्मक मूर्ति निर्माण गर्ने विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियानका निर्देशक नकुल सिंहले जानकारी दिए । धार्मिक तथा पर्यटकीयस्थल मझुवागढी संरक्षण तथा प्रवद्र्धनका लागि कोशी प्रदेश सरकारको आर्थिक सहयोगमा कार्यशाला आयोजना गरिएको हो । कार्यशालामा बनाएका कलात्मक मूर्तिलाई धार्मिक तथा पर्यटकीयस्थल मझुवागढीमा लगेर राखिनेछ ।
यसअघि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राई, नगरप्रमुख तीर्थराज भट्टराई र प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले ढुङ्गामा छिनो र मार्तलले आकृति कोरेर कार्यशालाको शुभारम्भ गरेका थिए । दिक्तेल बजार नजिकै रहेको मझुवागढीलाई सौन्दर्यकरण गर्नका लागि सङ्घ, प्रदेश तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको ठुलो धनराशि लगानी भइरहेको छ । दिक्तेल बजारस्थित हाटडाँडाबाट करिब ४५ मिनेट उकालो चढ्दा पुगिने मझुवागढीलाई सांस्कृतिक विविधतामा आधारित पर्यटकीय गन्तव्य बनाउन मूर्ति राख्ने तयारी गरिएको हो । जिल्लाको सबैभन्दा ठुलो यस नगरपालिकाले भौतिक पूर्वाधार विकाससँगै कला, साहित्य तथा सृजनाका कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको छ । यसअघि पालिकाले पर्यावरण संरक्षणका रेडपाण्डा तथा थार महोत्सव, स्थानीय कच्चापदार्थलाई प्रयोगमा ल्याउन राष्ट्रिय बाँस सम्मेलन, चित्रकलालाई प्रवद्र्धन गर्न मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला कार्यशालालगायत कार्यक्रम सम्पन्न गरिसकेको छ । भौगोलिक, ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बोकेको मझुवागढीको गरिमालाई मूर्तिकारिताका माध्यमबाट थप उजागर गर्ने लक्ष्य लिइएको छ । रासस

# ऊर्जा सङ्कटपछि भारतले तेल अन्वेषण विस्तार गर्ने



**नयाँदिल्ली ।**
मध्यपूर्वमा भएको युद्धका कारण ऊर्जा आपूर्तिमा आएको अवरोधपछि भारतले स्वदेशी कच्चा तेलको अन्वेषण तथा उत्पादन विस्तार गर्ने योजना अघि बढाएको छ । भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हर्दिपसिंह पुरीले ऊर्जा सङ्कटले स्वदेशी स्रोतको विकासलाई प्राथमिकता दिन नयाँ प्रेरणा दिएको बताएका छन् ।
विश्वको तेस्रो ठूलो कच्चा तेल आयातकर्ता तथा दोस्रो ठूलो एलपीजी आयातकर्ता भारतले अमेरिका–इरान द्वन्द्वका क्रममा 'स्टे«ट अफ होर्मुज'मा लगाइएका प्रतिबन्धका कारण ऊर्जा आपूर्तिमा अवरोधको सामना गरेको थियो । अमेरिका र इरानबीच युद्ध रोक्ने अस्थायी सहमतिपछि खाडी क्षेत्रबाट तेल तथा ग्यास ढुवानी पुनः सुरु भएको छ भने बजारमा मूल्य स्थिर हुन थालेको छ ।
मन्त्री पुरीका अनुसार भारतले हालसम्म अन्वेषण नगरिएका करिब दुई लाख ५० हजार वर्ग किलोमिटर क्षेत्रमा तेल तथा ग्यास अन्वेषणका लागि बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको छ । भारतको तेल मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२५÷२६ मा स्वदेशी कच्चा तेल उत्पादन दुई करोड ५९ लाख ८० हजार मेट्रिकटन रहेको थियो । यो उत्पादनले भारतको कुल कच्चा तेल आवश्यकताको करिब १० प्रतिशत मात्र पूरा गर्छ ।
ऊर्जा आपूर्तिको विविधिकरणका लागि भारतले कच्चा तेल आयात गर्ने देशको संख्या २७ बाट बढाएर ४१ पु¥याएको छ । यस क्रममा इरान, भेनेजुएला, रुस तथा विभिन्न अफ्रिकी मुलुकबाट पनि आयात बढाइएको छ । रुसी तेल खरिदका विषयमा अमेरिका र युरोपबाट आलोचना भए पनि मन्त्री पुरीले भारतले वैचारिक दृष्टिकोणभन्दा आफ्ना ऊर्जा आवश्यकतालाई प्राथमिकता दिएको बताएका छन् ।
भारतको स्वदेशी कच्चा तेल उत्पादन मुख्यतः मुम्बईको अपतटीय क्षेत्र, राजस्थान, गुजरात तथा आसाममा केन्द्रित छ ।
मन्त्री पुरीले अन्डमान तथा निकोबार द्वीप आसपासको समुद्री क्षेत्रलाई ऊर्जा सम्भावनाले भरिएको क्षेत्रका रूपमा उल्लेख गर्दै त्यहाँ गहिरो समुद्री क्षेत्रमा अन्वेषणलाई तीव्र पारिने बताए । उनका अनुसार भारतले गहिरो समुद्री अन्वेषणका लागि पेट्रोब्रास, टोटलएनर्जीज, बीपी, शेल तथा एक्सनमोबिलजस्ता अन्तरराष्ट्रिय कम्पनीसँग सहकार्य गरिरहेको छ ।
प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ मा 'समुद्र मन्थन' अभियान घोषणा गर्दै समुद्रमुनिको तेल तथा ग्यास भण्डारको खोजीलाई राष्ट्रिय प्राथमिकतामा राखेका थिए । सरकारले सन् २०७० सम्म कार्बन तटस्थता हासिल गर्ने लक्ष्य राखे पनि तीव्र आर्थिक वृद्धि र बढ्दो ऊर्जा मागका कारण तेलको खपत निरन्तर बढिरहेको छ । भारतले नवीकरणीय ऊर्जा, आणविक ऊर्जा तथा इथेनोल मिश्रित इन्धनको प्रयोग विस्तार गर्दै ऊर्जा स्रोतको विविधिकरणमा पनि लगानी बढाइरहेको छ ।
मन्त्री पुरीले भारतको ऊर्जा खपत सन् २०२१ मा दैनिक ५० लाख ब्यारेलबाट बढेर हाल करिब ५६ लाख ब्यारेल पुगेको र निकट भविष्यमै दैनिक ६० लाख ब्यारेल पुग्ने अनुमान गरिएको बताए । उनले करिब १० अर्ब अमेरिकी डलरको लगानीमार्फत तेल तथा ग्यास अन्वेषणलाई तीव्र बनाइने र अहिलेसम्म अन्वेषण नगरिएको करिब १० लाख वर्ग किलोमिटर क्षेत्रमा पनि अध्ययन अघि बढाइने जानकारी दिए । रासस

# धुव्रतारा कृषि सहकारीद्वारा अर्गानिक लौकाखेती, दैनिक दुई क्विन्टलभन्दा बढी बिक्री

**कञ्चनपुर ।**
सीप, सामूहिकता र मेहनतको संयोजनले कृषि समृद्धिको भरपर्दो आधार बन्न सक्छ भन्ने उदाहरण कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० झलारीस्थित धुव्रतारा सामुदायिक विकास कृषि सहकारी संस्थाले प्रस्तुत गरेको छ । सहकारीले सञ्चालन गरेको व्यावसायिक अग्र्यानिक लौकाखेतीले आम्दानीसँगै स्थानीय युवालाई रोजगारी दिनुका साथै सदस्यलाई व्यावसायिक कृषितर्फ आकर्षित गरेको हो ।
सहकारीले १० कठ्ठा जग्गा भाडामा लिएर लौकाखेती गरी रहेका छन् । यहाँ उत्पादित लौका सहकारीले दैनिक दुई क्विन्टलभन्दा बढी बेच्दै आएको छ । हालसम्म १२ क्विन्टलभन्दा बढी लौका बिक्री गरी रु ३६ हजार आम्दानी भएको सहकारीका प्रबन्धक ललिता पन्तले जानकारी दिइन् । उनका अनुसार स्थानीय बजारमा प्रतिकिलो रु ३० देखि रु ३२ सम्ममा सहजै बिक्री भइरहेको छ । प्राङ्गारिक मल र सुरक्षित विषादी प्रयोग गरी उत्पादन गरिएको लौकाको बजारमा माग बढी छ, प्रबन्धक पन्तले भने । उनका अनुसार निड्ससँगको सहकार्यमा सञ्चालित कृषि पाठशालाले सहकारीका सदस्यलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न तालिमसँगै सीप विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । कृषि पाठशालामा माटो छनोट, खेत तयारी, बेर्ना उत्पादन, मल व्यवस्थापन, सिँचाइ तथा लहरे बाली व्यवस्थापनसम्बन्धी व्यावहारिक तालिम दिइएको थियो । सिकेको सीप व्यवहारमा उतारेपछि अपेक्षाभन्दा राम्रो उत्पादन प्राप्त भएको पन्तले बताए ।
सहकारीका अध्यक्ष लालबहादुर ऐरले सदस्यहरूलाई आयआर्जनमुखी कृषिमा जोड्ने उद्देश्यले सामूहिक रूपमा लौकाखेती सुरु गरिएको बताए । राम्रो उत्पादन र आम्दानीपछि अन्य सदस्य पनि व्यावसायिक कृषि गर्न उत्साहित भएका छन् । गाउँमै बसेर कृषि व्यवसायमार्फत स्वरोजगार बन्न सकिने विश्वास बढेको छ, उनले भने । लौकाखेतीका लागि सहकारीले दुई स्थानीय युवालाई रोजगारी पनि दिएको छ । बिक्रीबाट प्राप्त रकम सहकारीको कोषमा जम्मा गरी सदस्यको आयआर्जन बढाउने कार्यक्रममा लगानी गरिने अध्यक्ष ऐरले बताए । उनका अनुसार बारीमा अझै ४० देखि ६० क्वीन्टलसम्म लौका उत्पादन हुने अनुमान गरिएको छ ।
यसअघि सहकारीले भाडाको एक बिघा क्षेत्रमा चैतेधान, एक बिघामा तोरी र १० कठ्ठामा आलुखेती गरी आम्दानी लिइसकेको छ । साथै सदस्यलाई सहुलियत मूल्यमा मलखाद, बीउविजन र कृषि सामग्री उपलब्ध गराउँदै आएको छ । नगरपालिकाको कृषि शाखाका प्रमुख करन सिंह बुढाऐरका अनुसार सहकारीको यो अभ्यासले बचत तथा ऋण कारोबारमा सीमित नरही उत्पादन, रोजगारी सिर्जना र स्थानीय आर्थिक विकासमा सहकारीको प्रभावकारी भूमिका देखाएको छ । सामूहिक प्रयास, सीप र आधुनिक कृषि प्रविधिको उपयोगबाट गाउँमै बसेर आत्मनिर्भर बन्न सकिने उदाहरण सहकारीले प्रस्तुत गरेको छ, उनले भने । रासस

# चीन र उत्तर कोरियाबीच सहकार्य विस्तार गर्ने सहमति


Photo : Xinhua

**सियोल ।**
उत्तर कोरियाली नेता किम जोङ्ग उन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच प्योङ्याङमा भएको शिखर वार्तामा राजनीति, अर्थतन्त्र र संस्कृतिका क्षेत्रमा सहकार्य विस्तार गर्ने सहमति भएको छ । उत्तर कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसीएनए) ले मंगलबार सो जानकारी दिएको हो । शीर्ष नेताहरु बीचको भेटवार्ताले दुई देशबीचको सम्बन्धमा नयाँ अध्याय पनि सुरु गरेको समाचारमा उल्लेख छ ।
चीनको एकमात्र औपचारिक सन्धि–सहयोगी उत्तर कोरियाको सात वर्षपछि पहिलो भ्रमणमा पुगेका सीले द्विपक्षीय सम्बन्धलाई अझ अघि बढाउने लक्ष्य रहेको बताएका थिए । केसीएनएका अनुसार दुवै नेताले उच्चस्तरीय अधिकारीहरूको भ्रमणमार्फत रणनीतिक संवादलाई अझ सुदृढ बनाउने सहमति गरेको रोयटर्सले जनाएको छ । किमले बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिका बीच पनि चीनले अघि सारेको 'एक चीन सिद्धान्त' लाई पूर्ण समर्थन गर्ने बताएका छन् । बेइजिङले यस सिद्धान्तअन्तर्गत ताइवान जलडमरूमध्यका दुवै किनारा एउटै देशका हिस्सा भएको मान्यता राख्छ । चीनले लोकतान्त्रिक शासन व्यवस्था रहेको ताइवानलाई आफ्नो भूभागको हिस्सा मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गरेर पनि नियन्त्रणमा ल्याउने विकल्प नत्यागेको बताउने गरेको छ । तर ताइपेईले चीनको सार्वभौमिकताको दाबी अस्वीकार गर्दै आएको छ ।
यसैबीच मंगलबार सीले प्योङ्याङस्थित सिनो कोरियन फ्रेन्डसिप टावर भ्रमण गरेका थिए । यो स्मारक कोरियाली युद्धमा ज्यान गुमाएका चिनियाँ सैनिकहरूको सम्झनामा निर्माण गरिएको हो, चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वा न्यूज एजेन्सीले जनाएको छ । दुई नेताबीच थप वार्ता हुने वा नहुनेबारे तत्काल स्पष्ट नभए पनि उनीहरूले पार्टीका कार्यकर्ता प्रशिक्षणका लागि महत्वपूर्ण मानिने एक राजनीतिक विद्यालयको परिसरमा संयुक्त रूपमा वृक्षरोपण गरेका छन् । सिन्ह्वाका अनुसार उक्त बिरुवाले 'निरन्तर नवीकरण हुँदै जाने मित्रता'को प्रतीकात्मक सन्देश दिएको छ । रासस

# क्यानडालाई हराउँदै मोरक्को क्वार्टरफाइनलमा प्रवेश



**काठमाडौं ।**
क्यानडालाई हराउँदै मोरक्को फिफा विश्वकप २०२६ को क्वार्टरफाइनलमा प्रवेश गरेको छ । अमेरिकाको ह्युस्टन स्टेडियममा भएको राउन्ड अफ १६ को पहिलो खेलमा क्यानडालाई ३–० ले सहज हराउँदै मोरक्को क्वार्टरफाइनलमा प्रवेश गरेको हो । विश्वकपको जारी खेलमा क्वाटरफाइनलमा प्रवेश गर्ने पहिलो टोली हो ।
मोरक्कोको जितमा अज्जेदिन ओउनाहीले दुई र सुफियान रहिमीले एक गोल गरे । पहिलो हाफमा गोलरहित बराबरी खेलेको भए पनि ५०औं मिनेटमा ओउनाहीले गोल गर्दै मोरक्कोलाई अग्रता दिलाएका थिए ।
कप्तान अच्राफ हाकिमीको असिस्टमा ओउनाहीले गोल गरेका हुन । उनै ओउनाहीले खेलको ८२औं मिनेटमा फेरी अर्को गोल गर्दै मोरक्कोको अग्रता दोब्बर बनाउन सफल भए ।
दोस्रो हाफको इन्जुरी समयको अन्तिम मिनेटमा रहिमीले गोल गर्दै मोरक्कोलाई ३–० को सहज जित दिलाएका हुन । क्यानडाले मोरक्कोभन्दा बढी सर्ट र कोनाको प्रहार पाउँदा पनि कुनै गोल गर्न सकेन ।
सातौंपटक विश्वकप खेलिरहेको मोरक्को दोस्रोपटक क्वार्टरफाइनलमा प्रवेश गरेको हो । यसअघि सन् २०२२ को विश्वकपमा सेमिफाइनलसम्म पुगेको थियो ।
क्यानडा र मोरक्कोबीच हालसम्म कुल तीन खेल खेलिएका छन्, जसमा दुई खेलमा मोरक्कोले जितेको छ भने एक खेल बराबरीमा टुंगिएको छ । फिफा विश्वकपको इतिहासमा यो उनीहरूबीचको दोस्रो भेट भए पनि दुवैमा मोरोक्कोले बाजी मारेको छ । यसअघि सन् २०२२ को विश्वकपको समूह चरणमा मोरक्कोले क्यानडालाई २–१ ले पराजित गरेको थियो भने अहिले ३–० ले पराजित गरेको हो । रासस

# ममतालाई घरमै पुगेर दिइयो नागरिकता



**भोजपुर ।**
भोजपुर नगरपालिका–१ नाकामकी ममता राईलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको छ । ममताकी संरक्षकका रूपमा रहेकी हजुरआमा असक्त भएकाले जिल्ला प्रशासन कार्यालयसम्म पुग्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै प्रशासनले घरमै सेवा प्रदान गरेको हो । ममताको पारिवारिक अवस्था जटिल रहेको छ । उनका बुबा लामो समयदेखि बेपत्ता रहेका छन् भने आमा जन्मदर्ता गराएपछि सम्पर्कविहीन भएकी हुन् । अदालतले ममताको हेरचाह तथा कानुनी संरक्षकका रूपमा हजुरआमा रत्नकुमारी राईलाई तोकेको थियो । तर संरक्षकका रूपमा रहेकी हजुरआमा स्वयं शारीरिक रूपमा अशक्त रहेकाले हिँडडुल गर्न तथा स्पष्ट रूपमा बोल्नसमेत असमर्थ छन् । जसका कारण नागरिकता प्राप्तिका लागि आवश्यक सनाखत प्रक्रिया पूरा गर्न जिल्ला प्रशासन कार्यालयसम्म पुग्न सम्भव भएको थिएन ।
यही अवस्थालाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय भोजपुरले नागरिकमैत्री सेवा प्रवाहको उदाहरण प्रस्तुत गरेको छ । प्रमुख जिल्ला अधिकारी राजन पौडेलसहितको टोली स्वयं ममताको घरमै पुगेर आवश्यक कागजात सङ्कलन, विवरण प्रमाणीकरण तथा सनाखत प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरेको हो । कानुनी प्रक्रिया पूरा गरी घरमै नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए ।
'संरक्षक असक्त भएकाले सनाखतका लागि जिल्ला प्रशासनसम्म आउन सक्ने अवस्था थिएन,' प्रजिअ पौडेलले भने, 'जसका कारण ममताले नागरिक प्राप्त गर्न सक्नुभएको थिएन । यस्तो कठिन अवस्थामा आवश्यक समन्वय गरी सहज रूपमा सेवा प्रदान गर्ने उद्देश्यले घरमै पुगेर नागरिकता वितरण गरेका हौँ ।' अन्य स्थानीय तहमा भएका असक्त नागरिकलाई पनि घरमै पुगेर सेवा प्रदान गरिरहेको उनले बताए ।
स्थानीय तहले पनि यस कार्यलाई सकारात्मक रूपमा लिएको छ । वडाध्यक्ष जिरामणि राईले प्रमुख जिल्ला अधिकारी स्वयं घरमै पुगेर नागरिकता वितरण गरेको कार्यलाई उदाहरणीय, मानवीय तथा प्रशंसनीय भएको बताए । उनले यस्ता पहलले नागरिकमा राज्यप्रति विश्वास बढाउने धारणा व्यक्त गरे ।
घरमै पुगेर नागरिकता वितरण गरिएको यो घटनाले राज्यको सेवाप्रवाहलाई अझ बढी पहुँचयोग्य, उत्तरदायी र नागरिकमैत्री बनाउने दिशामा महत्त्वपूर्ण सन्देश दिएको उनको भनाइ छ । विशेषगरी असक्त तथा सेवा लिन असमर्थ नागरिकका लागि प्रमुख जिल्ला अधिकारीले खेलेको भूमिका स्मरणयोग्य रहेको वडाध्यक्ष राईले बताए । रासस

# निःशुल्क स्वास्थ्य शिविरले महिलाको स्वास्थ्यमा सुधार



**दाङ ।**
घरछेउमै निःशुल्क स्वास्थ्य उपचार दिन थालेपछि घोराहीका महिलाको स्वास्थ्यमा सुधार हुन थालेको छ । घोराही उपमहानगरपालिका–११ शिवपुर निवासी ६० वर्षीया महिलालाई तल्लो पेट दुख्ने, ढाड, कम्मर दुख्ने समस्या भएको थियो । घरको कामले फुर्सद नभएर उन अस्पताल गइनन् । घर नजिकै घोराही उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखाको आयोजनामा भएको निःशुल्क स्वास्थ्य शिविरमा गइन् । त्यहाँ पुगेपछि उनको पाठेघरमा घाउ भएको पत्ता लाग्यो । उपचारमा गएका स्वास्थ्यकर्मीले औषधिले निको हुन्छ नआत्तिनुहोला भनी सम्झाइबुझाई गरी औषधि दिएर पठाए । घरछेउमा स्वास्थ्य सेवा पाएपछि खुसी लागेको पोखरेलले बताए ।
घोराही उपमहानगरपालिका–१३ कलमघारीका ६३ वर्षीया महिलालाई पिसाब नरोकिने, ढाड दुख्ने, जीउ दुख्ने र खान मन नलाग्ने समस्या थियो । उपचारका लागि जाने फुर्सद नभएकाले अस्पताल नगएको उनले बताइन् । घरछेउमा आएको निःशुल्क स्वास्थ्य शिविरमा उपचारका लागि आएको र स्वास्थ्यकर्मीले औषधि दिनुभएको छ, निको हुने आशा गरेको छु,' उनले भनिन् । घोराही उपमहानगरपालिका स्वास्थ्य प्रवर्द्धन शाखाका अनुसार पछिल्लो चार वर्षमा घोराहीमा पाठेघरको मुखको क्यान्सर रोगका कारण ज्यान गुमाउनेको सङ्ख्यामा कमी आएको छ । समयमै स्क्रिनिङ गराउँदा सयौँले ज्यान जोगाएका छन् ।

**बितेको चार वर्षको तथ्याङ्कले घोराही**

उपमहानगरपालिकामा ४ सय ८८ जनामा पाठेघरको मुखको क्यान्सरको शङ्कास्पद लक्षण फेलापरेको छ । घोराही उपमहानगरपालिका स्वास्थ्य प्रवर्द्धन शाखाले १९ वटै वडामा सञ्चालन गरेको शिविर र संस्थागत परिवार नियोजन क्लिनिकबाट ४ सय ८८ महिलाको पाठेघरमा क्यान्सरको लक्षण फेलापरेको हो । महिलाहरूको स्वास्थ्य संरक्षणका लागि उपमहानगरले आर्थिक वर्ष २०७९–८० देखि पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि शिविर सञ्चालन गर्दै आएको छ ।
चार आर्थिक वर्षमा घोराहीले १९ वटै वडाका विभिन्न क्षेत्रमा पुगेर १६ हजार ७ सय ४१ महिलाको पाठेघर परीक्षण गर्‍यो । त्यही परीक्षणमा ४ सय ८८ महिलाको पाठेघरमा क्यान्सरको शङ्कास्पद लक्षण फेलापर्‍यो । तथ्याङ्कअनुसार आव २०७९–८० मा कुल पाँच हजार ८ सय ९ महिलाको पाठेघर परीक्षण गरियो । तीमध्ये १ सय १६ महिलामा क्यान्सर पोजेटिभ देखियो ।
आव २०८०–८१ मा तीन हजार ६ सय ६५ महिलाको पाठेघर जाँच गर्‍यो । जसमा ८८ जनाको पाठेघरमा पोजेटिभ देखियो । यस्तै आव २०८१–८२ मा पाँच हजार २ सय ६० जनामा गरिएको परीक्षणबाट १६४ जनामा शङ्कास्पद लक्षण भेटिएको थियो भने चालु आव २०८२–८३ मा दुई हजार सात जनाको पाठेघर जाँच गर्दा १ सय २० जनामा पोजेटिभ देखिएको घोराही उपमहानगर स्वास्थ्य शाखा प्रमुख राधा पौडेलले जानकारी दिइन् । समयमै समस्या पत्ता लाग्दा खर्च पनि कम हुने र निको पनि पार्न सहज हुने कुरालाई हामीले सबै महिलाहरूलाई सजग गराउँदै जाँदा उपचारका लागि आउनेको सङ्ख्या बढेको शाखा प्रमुख पौडेलले जानकारी दिइन् ।
घोराहीले अहिले गाउँघरमै पुगेर निःशुल्क शिविर चलाउने, संस्थागत परिवार नियोजन क्लिनिक र लक्ष्मीपुर स्वास्थ्यचौकीमा पाठेघरको मुखको क्यान्सर जाँच गर्ने व्यवस्था मिलाएको छ । हरेक बिहीबार संस्थागत परिवार नियोजन क्लिनिक र हरेक महिनाको पहिलो सोमबार लक्ष्मीपुर स्वास्थ्यचौकीबाट पाठेघरको मुखको क्यान्सरको जाँच भइरहेको प्रमुख पौडेलले जानकारी दिइन् । गम्भीर समस्या देखिए सम्बन्धित अस्पतालहरूमा रिफर गर्ने गरिएको उनले बताइन् ।
घोराही उपमहानगर पालिकाका उपप्रमुख हुमाकुमारी डिसीले दैनिकजसो आफ्नो टेबुलमा क्यान्सरपीडित महिला आउन थालेपछि रोग लागेर उपचार गर्नुभन्दा रोग समयमै पत्ता लगाउने अभियान चलाएकोबताए । 'आव २०७९–८० देखि पाठेघरको मुखको क्यान्सर जाँच अभियान थाल्यौँ,' उपप्रमुख डिसीले भने, 'केहीलाई त बचाउन सकिएन, तर समयमै जाँच भएर उपचार गर्दा धेरैले नयाँ जीवन पाउनुभएको छ । त्यसैले पाठेघरको मुखको क्यान्सर जाँचलाई अभियानकै रूपमा आगामी दिनमा पनि सञ्चालन गर्छौँ ।' रासस

# नारायणघाट–बुटवल सडकमा 'क्यानोपी ब्रिज' निर्माण



**नवलपरासी ।**
नारायणघाट–बुटवल सडक विस्तार आयोजनाको पूर्वी खण्डमा नेपालमै पहिलोपटक बाँदरलगायत रुखमा बस्ने वन्यजन्तुलाई सडक सुरक्षित रूपमा वारपार गराउन 'ओभरहेड क्यानोपी ब्रिज' निर्माण गरिएको छ ।
जैविक विविधता संरक्षणलाई प्राथमिकता दिँदै नारायणघाट–बुटवल सडक आयोजना (पूर्वी खण्ड) अन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैँडाकोट जङ्गलस्थित पितौजीमा उक्त संरचना निर्माण गरिएको हो ।
वन क्षेत्र हुँदै सडक विस्तार भएपछि वन्यजन्तुको प्राकृतिक आवागमनमा असर नपरोस् भन्ने उद्देश्यले जैविक विविधता संरक्षण तथा प्रवद्र्धन कार्यक्रमअन्तर्गत क्यानोपी ब्रिज निर्माण गरिएको आयोजनाका सूचना अधिकारी एवं इन्जिनियर शिव खनालले बताए ।
'नेपालमा सडक आयोजनाअन्तर्गत बाँदरलाई लक्षित गरेर निर्माण गरिएको यो पहिलो क्यानोपी ब्रिज हो,' उनले भने, 'सडक विस्तारसँगै वन्यजन्तुको बासस्थान र आवागमनमा पर्ने प्रभावलाई न्यूनीकरण गर्न यो संरचना निर्माण गरेका हौँ । यसको प्रयोग र प्रभावकारिताको अध्ययनपछि आवश्यक देखिएका अन्य उपयुक्त स्थानमा पनि यस्ता क्यानोपी ब्रिज निर्माण गर्ने योजना छ ।'
सूचना अधिकारी खनालका अनुसार बाँदर, लङ्गुरलगायत रुखबाट रुखमा आवतजावत गर्ने वन्यजन्तुले सडकमा झरेर पार गर्नुपर्ने बाध्यता कम गर्ने र सवारीसाधनसँग हुने दुर्घटनाको जोखिम कम गर्ने उद्देश्यले उक्त संरचना निर्माण गरिएको हो । यसले वन्यजन्तुको प्राकृतिक व्यवहार संरक्षणसँगै चालक र यात्रुको सुरक्षामा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।
एसियाली विकास बैंक (एडिबी)को सहुलियतपूर्ण ऋण सहयोगमा निर्माणाधीन १ सय १३ किलोमिटर लामो नारायणघाट–बुटवल सडक विस्तार आयोजना नेपालका ठूला पूर्वाधार आयोजनामध्ये एक हो । आयोजनालाई पूर्वी र पश्चिमी गरी दुई खण्डमा विभाजन गरेर निर्माण भइरहेको छ । यसअघि आयोजनाको पूर्वी खण्डमा मुख्य सडकको कालोपत्र तथा कङ्क्रिट ढलानको काम सम्पन्न भइसकेको छ भने जुन २०२६ सम्म समष्टिगत भौतिक प्रगति ९२.३८ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ ।
सडक निर्माणसँगै वातावरणीय प्रभाव न्यूनीकरणका लागि वन्यजन्तुमैत्री संरचना, नाला, हरियाली प्रवद्र्धन, सडक सुरक्षा पूर्वाधार तथा अन्य संरक्षणका उपायहरू पनि कार्यान्वयन भइरहेका छन् । सडक पूर्वाधार विकाससँगै जैविक विविधता संरक्षणलाई जोड दिँदै निर्माण गरिएको क्यानोपी ब्रिजले नेपालका आगामी सडक आयोजनामा पनि वातावरणमैत्री पूर्वाधार निर्माणको नयाँ अभ्यास स्थापित गर्ने अपेक्षा गरिएको इन्जिनियर खनालले बताए । रासस

# 'नवल खड्का' पुस्तक बजारमा




**खोटाङ ।**
खोटेहाङ गाउँपालिका–८ सिम्पानीका निवासी नायक तथा निर्देशक नवल खड्काले लेखेको पुस्तक 'नवल खड्का' बजारमा आएको छ । नेपाली कथानक चलचित्रका नायक, निर्देशक तथा लेखक खड्काको जीवनीमा आधारित पुस्तक 'नवल खड्का' पाइन प्रकाशन प्रालिले बजारमा ल्याएको हो ।
नेपाली चलचित्रका नायक, निर्देशक तथा लेखक खड्काले आफ्नो जीवनमा आफूले भोगेको सुखदुःखका सङ्गालोलाई पुस्तकमा समेटेका छन् । २ सय ७ पृष्ठ लामो यो पुस्तक लेखक खड्का, राष्ट्रिय जेनजी नागरिक अभियानका संयोजक सुनिल सिंह, सहसंयोजक अजय सोडारी, सचिव प्रकाश बम र कान्तिपुर संवाददाता मनोज बडूले असार १९ गते दार्चुलाको तिङ्करमा पुगेर संयुक्त रूपमा विमोचन गरेका हुन् ।
तिङ्कर भञ्ज्याङको १ नम्बर सीमास्तम्भमा आयोजित कार्यक्रममा नायक खड्काले सीमा सुरक्षा, राष्ट्रिय स्वाभिमान र राष्ट्रिय एकताको पक्षमा सशक्त भएर जुट्न देशवासीलाई आग्रहसमेत गरेका छन् । नायक खड्काले तिङ्कर भञ्ज्याङमा भ्यूटावर निर्माण गरी त्यहाँबाट कैलाश–मानसरोवरको दर्शन गर्न सकिने वातावरण तयार गर्न नेपाल सरकारसँग माग गरेका छन् ।
पर्यटकीय क्षेत्र तिङ्कर भञ्ज्याङमा आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न सके धार्मिक पर्यटनको ढोका खुल्ने नायक खड्काले बताएका छन् । तिङ्कर भञ्ज्याङमा आवश्यक पूर्वाधार निर्माण गरिएको खण्डमा स्वदेशी तथा विदेशी पर्यटक आकर्षित हुने र नेपालले ठूलो परिमाणमा धन आम्दानी गर्न सक्ने जानकारी दिए ।
पुस्तक विमोचन गर्दै नायक खड्काले स्वदेशी चलचित्रको पक्षमा उभिनु कुनै राष्ट्रको विरोध नभई आफ्नै देशप्रतिको सम्मान, जिम्मेवारी र आत्मगौरव भएको बताए । खोटाङमा जन्मिएर राजधानी काठमाडौँमा बस्दै आएका नायक, निर्देशक तथा लेखक खड्का खोटाङ सेवा समाज काठमाडौँ नेपालको अध्यक्षसमेत छन् ।
करिब तीन दर्जन नेपाली कथानक चलचित्रमा अभिनय गरिसकेका नायक तथा निर्देशक खड्काले आफ्नै लगानीमा नेपाली कथानक चलचित्र 'दशगजा', 'भीमदत्त', 'आवाज', 'माया बसेछ', 'क्रान्ति' र 'काँडेतार' प्रदर्शनमा ल्याइसकेका छन् । रासस

# पातपतिङ्गरबाट प्राङ्गारिक मल

**गोरखा ।**
चारवटा सामुदायिक वन समूहले वनजङ्गलमा कुहिएर खेर गइरहेको पातपतिङ्गरबाट प्राङ्गरिक मल बनाउन सुरु गरेको छ । सहिदलखन गाउँपालिका–१ को रामलक्ष्मण सामुदायिक वन उपभोक्ता समूह तथा सोही वडाको बागपानी सामुदायिक वन उपभोक्ता समूहले पातपतिङ्गरबाट प्राङ्गरिक मल बनाउन सुरुवात गरेको हो ।
गोरखा नगरपालिका–८ को लुदी दामगाडे सामुदायिक वन उपभोक्ता समूह तथा भीमसेनथापा गाउँपालिका वडा नं ५ को कलुवागैरा आँपगैरा कुटमिरे सामुदायिक वन उपभोक्ता समूह यो कार्यमा जुटेको हो । डिभिजन वन कार्यालय गोरखाको प्राविधिक तथा आर्थिक सहयोगमा सामुदायिक वनहरूले पातपतिङ्गरबाट प्राङ्गारिक मल बनाउन सुरु गरेका हुन् ।
कार्यालयले सामुदायिक वन समूहहरूलाई प्राङ्गरिक मल बनाउन आवश्यक मेसिन उपलब्ध गराएको डिभिजन वन कार्यालय गोरखाका वन अधिकृत शिशिर लम्सालले बताए । यस्तै, वन समूहहरूलाई मल बनाउनका लागि आवश्यक तालिम तथा अभिमुखीकरण गराएको उनले जानकारी दिए ।
कार्यालयको बायोमासमा आधारित प्राङ्गरिक मल उत्पादन कार्यक्रमअन्तर्गत मल बनाउने कार्यक्रम सञ्चालन गरेको अधिकृत



लम्साल बताउँछन् । कार्यक्रमले पछिल्लो समय वन क्षेत्रमा चुनौतीका रूपमा फैलँदै गएको मिचाहा प्रजातिको सदुपयोग तथा व्यवस्थापनमा सहयोग पुर्याउने उनले बताए । 'वनमारालगायत मिचाहा प्रजाति व्यवस्थापन र रैथाने प्रजातिको संरक्षणमा कार्यक्रमले सहयोग पुर्याउँछ,' उनले भने । यसैगरी, प्राङ्गरिक मलको उत्पादनले रसायनिक मलको अभावलाई केही हदसम्म परिपूर्ति गरेर कृषि र वनको सम्बन्ध स्थापित गर्ने तथा जैविक कृषि प्रवद्र्धन गर्ने वन अधिकृत लम्सालको भनाइ छ ।
कार्यक्रमअन्तर्गत कार्यालयले सामुदायिक वन उपभोक्ता समूहकै नेतृत्वमा वनबाट पातपतिङ्गरहरू (वनमारा, झाडी, पात, काठको टुक्रा) सङ्कलन गर्छ । सङ्कलन भएका उक्त सामग्रीहरूलाई पाँचदेखि आठ फिट चौडाइ र तीनदेखि पाँच फिट उचाइको लामो तह बनाएर खुला ठाउँमा जम्मा गरिन्छ । मल बन्नका लागि उपयुक्त विधि तथा प्रक्रिया पुर्याएर आठदेखि १२ हप्ताभित्र उच्च गुणस्तरको प्राङ्गरिक मल तयार हुने डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शाण्डिल्यले बताउनुभयो । उहाँका अनुसार कार्यक्रमले मिचाहा प्रजातिको व्यवस्थापन, डढेलो नियन्त्रण तथा सामुदायिक वनको आयआर्जनमा ठूलो टेवा पुर्याउनेछ । रासस

# बजेट पुनर्लेखन नगरे कार्यान्वयन हुन नदिने प्रतिपक्षीको चेतावनी

**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३–८४ का लागि प्रस्तुत गरेको बजेट पुनर्लेखन गर्नुपर्ने माग गर्दै प्रतिपक्षी दलहरूले बजेट कार्यान्वयन हुन नदिने चेतावनी दिएका छन्।

जसपा नेपालको संसदीय दलले जनमत पार्टीका प्रदेशसभा सदस्यहरूसँग संयुक्त रूपमा आइतबार पत्रकार सम्मेलन गर्दै प्रदेश सरकारले ल्याएको बजेट अव्यवहारिक, असन्तुलित, संघीयताको मर्मविपरीत तथा नीतिगत भ्रष्टाचारलाई प्रोत्साहन गर्ने खालको रहेको आरोप लगाएको हो । प्रदेश गौरवका योजनालाई समेटेर बजेट पुनर्लेखन नगरे कडा आन्दोलनका साथै बजेट कार्यान्वयन हुन नदिने उनीहरूको चेतावनी छ।




पत्रकार सम्मेलनमा जसपा नेपालका प्रदेशसभा सदस्य तथा पूर्वमुख्यमन्त्री लालबाबु राउतले सरकारले कानुनी प्रक्रिया र विधिसम्मत अभ्यासलाई बेवास्ता गर्दै आग्रह–पूर्वाग्रहका आधारमा बजेट ल्याएको आरोप लगाए । बजेट निर्माणमा निर्धारित कानुनी प्रक्रिया पालना नगरिएकाले यस्तो बजेट स्वीकार्य नहुने उनको भनाइ थियो।

जसपा नेपालका अर्का प्रदेशसभा सदस्य तथा पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन हुनुपर्ने माग गरे।

उनले सशर्त, समपूरक र विशेष अनुदान वितरणका आधार र मापदण्ड स्पष्ट गर्नुपर्ने आवश्यकता औंल्याउँदै संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मविपरीत असन्तुलित बजेट ल्याइएको आरोप लगाए।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहले प्रस्तुत बजेट संघीयता विरोधी रहेको दाबी गरे।

उनले नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपालाई सुरुदेखि नै संघीयता विरोधी गतिविधिमा संलग्न दलको संज्ञा दिंदै मुख्यमन्त्री कृष्ण यादव नेतृत्वको सरकारले त्यही सोचलाई बजेटमार्फत पुष्टि गरेको आरोप लगाए।

पत्रकार सम्मेलनमा प्रदेशसभा सदस्य उपेन्द्र महतो र संजय यादवले पनि बजेटका विभिन्न पक्षमा असन्तुष्टि जनाए । उनीहरूले संघीयता स्थापनाका लागि भएको लामो संघर्षको मर्मविपरीत प्रदेशभरिका आवश्यकता बेवास्ता गर्दै बजेटलाई सीमित क्षेत्र र जिल्लामा केन्द्रित गरिएको आरोप लगाए।

उनीहरूले जनलोकपाल ऐन र प्रदेश लोकसेवा आयोग ऐनको भावना विपरीत पदाधिकारी नियुक्ति गरिएको दाबी गर्दै यसले कानुनी शासन र संघीय व्यवस्थामाथि नै प्रश्न उठाएको बताए । साथै, एक करोड रुपैयाँभन्दा कमका योजना समावेश नगर्ने नीति घोषणा गरिए पनि एउटै शीर्षकमा पाँच–छ वटा साना योजना राखिएको तथा ‘सेटिङ’का आधारमा बजेट वितरण गरिएको आरोपसमेत लगाए।

# ४८७ किलो गाँजासहित दुई जना पक्राउ, ट्रक बरामद

**मधेशदृष्टि**
**जनकपुरधाम।**



महोत्तरी प्रहरीले प्रतिबन्धित औषधऔषध गाँजा ४ सय ८७ दशमलव १ सय ५ किलोग्रामसहित दुई जनालाई पक्राउ गरेको छ । गाँजा ओसारपसारमा प्रयोग भएको ट्रक समेत प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार असार २० गते राति करिब १ बजे एकडारा गाउँपालिका–१ भटौलियामा ना ३ ख ६५९२ नम्बरको ट्रक खानतलासी गर्दा प्लास्टिकमा बेरिएको तीन पोकामा ४० किलो ३ सय ६० ग्राम गाँजा बरामद गरिएको थियो । सोही क्रममा ट्रकमा सवार दुई जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेकाहरूले धनकुटाको भेडेटारबाट ट्रकमार्फत गाँजा ल्याई महोत्तरीको एक स्थानमा ३५ वटा पोका झारी अज्ञात व्यक्तिलाई बुझाएको बयान दिएका थिए।

उक्त सूचनाका आधारमा प्रहरी टोलीले अनुसन्धान अघि बढाउँदै महोत्तरी गाउँपालिका–४ रानी रतवडास्थित स्थान पहिचान गरेको थियो । त्यसपछि असार २१ गते बिहानदेखि सञ्चालन गरिएको सर्च अपरेसनका क्रममा स्थानीय सिया शरण पासवानको घरमा खानतलासी गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घरमा कोही नभएको र सबै ढोकामा ताला लगाइएको अवस्थामा स्थानीय जनप्रतिनिधिको रोहबरमा खानतलासी गर्दा खाटमुनि साडीले छोपेर लुकाइराखिएको ३५ वटा प्लास्टिकका पोकामा ४ सय ४६ किलो ७ सय ४५ ग्राम गाँजा फेला परेको हो।

यसअघि ट्रकबाट बरामद भएको ४० किलो ३ सय ६० ग्राम गाँजासहित कुल ४ सय ८७ किलो १ सय ५ ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ।

बरामद गाँजा र ट्रक नियन्त्रणमा लिई पक्राउ परेका दुई जनाविरुद्ध औषधऔषध सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी जिल्ला अदालत महोत्तरी, जलेश्वरमा उपस्थित गराइएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न अन्य व्यक्तिको खोजी तथा थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# विद्यालय नेतृत्व र स्थानीय सरकारबीच सहकार्य आवश्यक

**मधेशदृष्टि**
**जनकपुरधाम।**

सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि, विद्यालय नेतृत्वको सुदृढीकरण तथा स्थानीय सरकार र नीति निर्माण तहबीचको साझेदारीलाई प्रभावकारी बनाउने उद्देश्यले प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (प्यान) मधेश प्रदेशद्वारा आयोजित प्रदेशस्तरीय सम्मेलन शनिबार जनकपुरधाममा सम्पन्न भएको छ । ‘सार्वजनिक शिक्षा रूपान्तरणमा विद्यालय नेतृत्व, स्थानीय सरकार र नीति निर्माणमा साझेदारी’ विषयक सम्मेलनमा मधेश प्रदेशका विभिन्न जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षा क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षाअनुसार हुन नसकेको भन्दै चिन्ता व्यक्त गरे । उनले विद्यार्थीको सिकाइस्तर सुधारसँगै सीप विकास, मानसिक तथा शारीरिक रूपमा सक्षम बनाउने वातावरण निर्माणका लागि शिक्षक, अभिभावक, प्रधानाध्यापक र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए।



प्रिन्सिपल्स एसोसिएसन अफ नेपालका अध्यक्ष सुदानप्रसाद गौतमले नेपालमा शिक्षाले राज्यको प्राथमिकतामा पर्याप्त स्थान नपाएको गुनासो गरे। उनले सरकारले शिक्षा क्षेत्रलाई आवश्यक नीति, नियमावली र पर्याप्त बजेट उपलब्ध गराउन अझै सक्रिय हुनुपर्ने उल्लेख गर्दै विकसित मुलुकहरूले शिक्षालाई पहिलो प्राथमिकतामा राखेकाले त्यहाँको शैक्षिक प्रणाली प्रभावकारी बनेको बताए । राज्य शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता आधारभूत सेवाप्रति पूर्ण रूपमा जिम्मेवार हुनुपर्नेमा उनले जोड दिए।

एसोसिएसनका मधेश प्रदेश अध्यक्ष संजय झाको अध्यक्षतामा सम्पन्न सम्मेलनमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार, विद्यालय नेतृत्वलाई प्रभावकारी बनाउने उपाय, स्थानीय सरकारसँगको सहकार्य, शिक्षा नीति कार्यान्वयनका चुनौती तथा समाधानका विषयमा व्यापक छलफल गरिएको थियो।

सहभागीहरूले विद्यालय नेतृत्व सुदृढ भए मात्र सार्वजनिक शिक्षामा अपेक्षित सुधार सम्भव हुने धारणा व्यक्त गरेका थिए । सम्मेलनमा सामुदायिक विद्यालयहरूले अवलम्बन गरेका सफल अभ्यास र नवप्रयोगहरू पनि प्रस्तुत गरिएको थियो।

# तीन दिनमा ३ अर्ब ३२ करोड विकास खर्च

**मधेशदृष्टि**
**वीरगंज।**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको अन्तिम महिना असार लागेपछि बजेट खर्चमा तीव्रता दिएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार असारको पहिलो १८ दिनमै सरकारले ३ अर्ब ३२ करोड रुपैयाँभन्दा बढी खर्च गरेको छ।

कार्यालयको तथ्याङ्कअनुसार असार १८ गतेसम्म प्रदेश सरकारले कुल १३ अर्ब २९ करोड ६६ लाख रुपैयाँ खर्च गरेको छ, जुन कुल विनियोजित बजेटको २८.३० प्रतिशत हो।

जेठ मसान्तसम्म खर्च ९ अर्ब ९७ करोड रुपैयाँ अर्थात् २१.२४ प्रतिशतमा सीमित रहेको थियो । हालसम्म चालुतर्फ ६ अर्ब ७२ करोड ८८ लाख रुपैयाँ (४३.०२ प्रतिशत) तथा पुँजीगततर्फ ६ अर्ब ५६ करोड ७८ लाख रुपैयाँ (२०.९६ प्रतिशत) बजेट खर्च भएको छ।

जेठ मसान्तसम्म चालुतर्फ ३६.२२ प्रतिशत र पुँजीगततर्फ १३.७६ प्रतिशत मात्रै खर्च भएको थियो । आर्थिक वर्षको अन्त्यतिर हुने ‘असारे खर्च’ पुनः दोहोरिएपछि बजेट कार्यान्वयनको प्रभावकारिता र खर्चको गुणस्तरमाथि प्रश्न उठ्न थालेको छ।

सार्वजनिक वित्त व्यवस्थापनका जानकारहरूले हतारमा गरिने खर्चले विकास आयोजनाको गुणस्तर र पारदर्शितामा असर पार्न सक्ने भन्दै सुधारको आवश्यकता औँल्याएका छन् । मन्त्रालयगत खर्चतर्फ अर्थ मन्त्रालयले सबैभन्दा बढी ५३.७१ प्रतिशत बजेट खर्च गरेको छ भने खेलकुद तथा समाज कल्याण मन्त्रालय सबैभन्दा पछाडि रहेको छ। उक्त मन्त्रालयले हालसम्म ९.९३ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी असार २५ गतेसम्म जारी रहने भएकाले आगामी केही दिनमा खर्चको प्रतिशत अझै बढ्ने सम्भावना रहेको छ।

# दुई वर्षभन्दा पुराना सबै मुद्दा फर्छ्यौट




मधेशदृष्टि
जनकपुरधाम।

उच्च अदालत जनकपुरले दुई वर्षभन्दा पुराना सबै मुद्दा फछ्र्योट गर्दै यस्तो प्रकृतिका मुद्दाको संख्या शून्यमा झारेको छ।

अदालतले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२–८३ को असार १९ गतेसम्मको तथ्यांकअनुसार दुई वर्षभन्दा पुराना कुनै पनि मुद्दा बाँकी छैनन्। १८ महिनादेखि दुई वर्षभित्रका १३ वटा तथा एक वर्षदेखि डेढ वर्षभित्रका ३८७ वटा मुद्दा मात्र बाँकी रहेका छन्।

१० जना न्यायाधीश रहेको उच्च अदालत जनकपुरमा चालु आर्थिक वर्षमा जिम्मेवारी सरिआएका २ हजार २६७ र नयाँ दर्ता भएका ४ हजार १ सय ६१ गरी कुल ६ हजार ४ सय २८ मुद्दा रहेका थिए । तीमध्ये असार १९ गतेसम्म ४ हजार ३ सय ३० वटा मुद्दा फछ्र्योट गरिएको छ।

अदालतका रजिस्ट्रार विश्वजंग सिजापतिका अनुसार हालसम्म २ हजार ९८ वटा मुद्दा फछ्र्योट हुन बाँकी छन्। जिम्मेवारी सरिआएका मुद्दामध्ये २ हजार ४७ वटा फछ्र्योट भइसकेका छन् भने २२० वटा बाँकी छन् । त्यसैगरी नयाँ दर्ता भएका मुद्दामध्ये २ हजार २ सय ८३ वटा फछ्र्योट भएका छन् भने १ हजार ८ सय ७८ वटा विचाराधीन छन्।

उच्च अदालतले चालु आर्थिक वर्षका लागि ४ हजार ५ सय ४६ वटा मुद्दा फछ्र्योट गर्ने लक्ष्य निर्धारण गरेको थियो। असार १९ गतेसम्म ४ हजार ३ सय ३० वटा मुद्दा फछ्र्योट भइसकेकाले लक्ष्यको ९५.८४ प्रतिशत प्रगति हासिल भएको अदालतले जनाएको छ।

न्यायाधीशहरूको कार्यसम्पादनतर्फ हेर्दा कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरको इजलासले सबैभन्दा बढी १ हजार ३ सय १० वटा मुद्दा फछ्र्योट गरेको छ । त्यसपछि न्यायाधीश टीकाराम आचार्यले १ हजार १ सय १५, जगदीश घिमिरेले ९ सय ४६, राजुराम सिलवालले ८ सय ९६, कृष्णप्रसाद सुवेदीले ८ सय ४६, कैलाशप्रसाद सुवेदीले ८ सय २६, फुर्बा तामाङले ७ सय २३, मुरारीबाबु श्रेष्ठले ६ सय ८४, कमलप्रसाद पोखरेलले ६ सय ५९ तथा श्यामकुमार भट्टराईले ५ सय ७८ वटा मुद्दा फछ्र्योट गरेका छन्।

अदालतले पुराना मुद्दा व्यवस्थापन र समयमै न्याय सम्पादनलाई प्राथमिकतामा राख्दै कार्यसम्पादनमा उल्लेखनीय सुधार हासिल गरेको देखिएको छ।

# लागुऔषधसहित भारतीय पक्राउ




**राकेश यादव**
**रौतहट।**

ईशनाथ नगरपालिका वडा न ४ सानो लत्मरÞ ीबाट प्रहरीले अवैध रुपमा भारतबाट नेपालमा ल्याउदै गरेको भारतीय पेय पदार्थसहित ३ वटा मोटर साइकल नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय गौरबाट खटिएको प्रहरी टोलीले भन्सार छली गरी ल्याउँदै गरेको अवस्थामा ३५ हजार ८ सय मूल्य बरवारको माउन्टेन डिउ, स्प्राइट र सरगम सर्फलगायतको सरसामानसहित ३ थान मोटर साइकल नियन्त्रणमा लिएको हो।

पक्राउ परेका भारतीय नम्बर बी आर ३० डी ८९३५ , बी आर ०६ सीए ७११६ तथा नम्बर नखुलेको १ वटा गरी ३ वटा मोटरसाइकलको अन्दाजी मूल्य १ लाख २० हजार निर्धारण गरी आवश्यक अनुसन्धानको कार्य भइरहेको जिल्ला प्रहारी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए।

त्यसैगरी, प्रहरीले बौधिमाई नगरपालिका वड़ा नम्बर ७ बंकुलस्थित सड़क खण्डबाट लागुऔषध गाँजा जस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरेको छ।

प्रहरीको टोलीले चेकजाँच गर्ने क्रममा भारत बिहार जिल्ला मोतिहारी संग्रामपुर थाना भटवलिया ग्राम पञ्चायत वड़ा नम्बर ११ बस्ने वर्ष २५ को राम प्रबेश महतोलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

महतोले ल्याइरहेको प्लास्टिकको झोला चेकजाँच गर्दा लागुऔषध गाँजाजस्तो देखिने १ किलो ६ सय ५० ग्राम पदार्थ र खैरो हेरोइन जस्तो देखिने ७ ग्राम २३ मिलिग्राम बरामद भएकाले महतोलाई नियन्त्रणमा लिई थप अनुसन्धानको कार्य अगाडि बढाइएको प्रहरीले जनाएको छ।

# जलेश्वरको बजेट ८४ करोड ५० लाख



**मधेशदृष्टि**
**जनकपुरधाम।**

महोत्तरीको जलेश्वर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३–८४ का लागि ८४ करोड ५० लाख ४६ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ।

नगरपालिकाले चालुतर्फ ६३ करोड ३७ लाख ८४ हजार ५ सय रुपैयाँ र पुँजीगततर्फ २१ करोड १२ लाख ६१ हजार ५ सय रुपैयाँ विनियोजन गर्दै कुल ८४ करोड ५० लाख ४६ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको हो।

नगरप्रमुख सुरेश साह सोनारले प्रस्तुत गरेको बजेटअनुसार संघीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष अनुदान तथा राजस्व बाँडफाँटमार्फत कुल ६३ करोड ६३ लाख १० हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यसमध्ये वित्तीय समानीकरण अनुदान १५ करोड २५ लाख, सशर्त अनुदान ३५ करोड ४१ लाख, विशेष अनुदान ५० लाख तथा संघीय राजस्व बाँडफाँटबाट १२ करोड ४७ लाख १० हजार रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ।

त्यसैगरी मधेश प्रदेश सरकारबाट वित्तीय समानीकरण, समपूरक, सशर्त तथा विशेष अनुदान गरी कुल ३ करोड ३७ लाख ३६ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ। यसअन्तर्गत वित्तीय समानीकरण अनुदान १ करोड ७ लाख ३६ हजार, समपूरक अनुदान ६० लाख, सशर्त अनुदान २० लाख तथा विशेष अनुदान १ करोड ५० लाख रुपैयाँ समावेश गरिएको छ।

नगरपालिकाले आन्तरिक स्रोतबाट ६ करोड रुपैयाँ राजस्व संकलन गर्ने तथा बैंक मौज्दातबाट ९ करोड रुपैयाँ परिचालन गर्ने लक्ष्य राखेको छ । यससँगै आन्तरिक स्रोत र मौज्दात गरी १५ करोड रुपैयाँ बजेट व्यवस्थापन गरिने जनाइएको छ।

नगरपालिकाका अनुसार आगामी आर्थिक वर्षको बजेटमा प्रशासनिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा तथा अन्य विकास निर्माणका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन